जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ • अंक २७० • २०८२ साल फाल्गुन १५ गते शुक्रबार (27 February, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सब-इन्जिनियर हत्या प्रकरण: एकजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। पूर्वाधार विकास कार्यालय सर्लाहीमा कार्यरत सब-इन्जिनियर प्रमोद कुमार यादवको हत्यामा संलग्न रहेको आशंकामा महोत्तरीको रामगोपालपुर नगरपालिकाका गणेश महतोलाई प्रहरीले पक्राउ गरेको छ। आरोपित महतोलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीको टोलीले भारतबाट पक्राउ गरी नेपाल ल्याएको स्रोतले दाबी गरेको छ।

आरोपित महतोले भारतीय सुटर प्रयोग गरी हत्या गराइएको प्रारम्भिक आशंका छ। फागुन ३ गते सर्लाहीको मलंगवा नगरपालिका-१० स्थित डेरामा रहेका सब-इन्जिनियर यादवलाई गोली हानी हत्या गरिएको थियो।

पक्राउ परेका आरोपित महतो यादवसँगै लोकसेवा आयोगले उनको नाम वैकल्पिक उम्मेदवारमा निकालेको थियो। इन्जिनियर यादवको हत्यापछि आफ्नो नाम अघि बनाउने र सरकारी जागिरका लागि मुख्य दाबेदार हुने लोभमा उनको हत्या गराइएको स्रोतले बताएको छ।

मलंगवास्थित जिल्ला अदालत सर्लाहीबाट बुधबार आरोपित महतोमाथि अनुसन्धानका लागि १५ दिने म्याद थप लिएको जनाइएको छ। यस घटनाबारे थप अनुसन्धान जारी नै रहेको सर्लाही प्रहरीले जनाएको छ।

### प्रतिनिधिसभा निर्वाचन हुनेमा अझै पनि संशय

# जेन- जी आन्दोलनको प्रतिवेदन सार्वजनिक गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम। भदौ २४ गते भएको जेन- जी आन्दोलनको क्रममा आगजनी तथा लुटपाटमा संलग्न भएकाहरुलाई हालसम्म पनि कारबाही नहुँदा यही फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लिएर राजनीतिक दल तथा नेताहरुले शंका उपशंका अझैसम्म गरिरहेका छन्।

जेन- जी आन्दोलनको नाममा सिंहदरबारसहित विभिन्न सरकारी कार्यालय, प्रदेश सरकारको कार्यालयसहित निजी उद्योगसमेतमा आगलागी तथा लुटपाट भएको थियो। तर अहिलेसम्म पनि आगजनी तथा हातहतियारसमेत लुटपाटमा संलग्न भएकाहरुमाथि कारबाही गर्नमा सरकार र प्रशासनले कुनै चासो देखाएको छैन।

यस्तो अवस्थामा हुन लागेको निर्वाचनलाई लिएर राजनीतिक दलदेखि प्राध्यापकहरुसमेतले चिन्ता व्यक्त गर्न थालेका छन्।

लुटिएका हतियार फिर्ता नभएको बेला हुन लागेको चुनावप्रति प्राध्यापकहरू चिन्तित भएका छन् भने देशमा विभिन्न खाले वैदेशिक शक्तिहरुले निर्वाचनको क्रममा आफ्नो स्वार्थसिद्ध गर्न खोजेको भन्दै नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले समेत निर्वाचन हुनेमा आशंका व्यक्त गरेको छ।

प्रतिनिधिसभा निर्वाचन हुनमा अब छ दिन बाँकी छदैं गर्दा मुलुकको सुरक्षा अवस्था संवेदनशील बन्दै गएको भन्दै प्राध्यापक संघ-संगठनहरूले शान्तिपूर्ण, भयरहित र निष्पक्ष निर्वाचन सुनिश्चित गर्न सरकार र सरोकारवाला निकायलाई संयुक्त अपिल गरेको छ।

भदौ २४ को जेन-जी आन्दोलनका क्रममा सरकारी सुरक्षाकर्मीबाट लुटिएका हतियार तथा जबर्जस्ती भागेका बन्दीहरू अझै प्रहरी नियन्त्रणमा आइनसकेको अवस्थामा हुन लागेको निर्वाचन प्रति उनीहरूले चिन्ता व्यक्त गरेका छन्। निर्वाचन प्रक्रियामा नेपाली सेना परिचालन गर्नुपर्ने अवस्थाले मुलुकमा विद्यमान सुरक्षा संवेदनशीलता स्पष्ट भएको जारी गरिएको विज्ञप्तिमा जनाइएको छ।




संयुक्त प्रेस विज्ञप्ति मार्फत देशमा पछिल्लो समय देखापरेका असहिष्णु गतिविधिप्रति ध्यानाकर्षण गराउँदै, यस्तो विषम परिस्थितिमा सबै राजनीतिक दल र उम्मेदवारहरूलाई संयमित रहन आग्रह समेत गरेको छ। निर्वाचनमा भइरहेको प्रतिस्पर्धाको नाममा वैमनस्यता र उत्तेजना फैलाउने गतिविधिबाट टाढा रहन समेत उनीहरूले आह्वान गरेको छ।

प्राध्यापक संघ-संगठनहरूले निर्वाचनलाई भयरहित, स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउनका लागि नेपाल प्राध्यापक संघ, प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल, नेपाल प्रगतिशील प्राध्यापक संगठन, नेपाल राष्ट्रिय प्राध्यापक संगठन र एकीकृत प्रगतिशील प्राध्यापक संगठनसहितकाले सरकार तथा निर्वाचन आयोगसंग विशेष पहल गर्न माग गरेको छ।

यसैबीच जेन- जी मुभमेन्ट अलायन्सले भदौ २३ र २४ गते भएको घटनाबारे छानबिन गर्न गौरीशंकर कार्कीको नेतृत्वमा बनेको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरेका छन्।

कार्की आयोगको प्रतिवेदन हालसम्म सार्वजनिक गर्नुको पटकपटक मिति सार्दै उक्त प्रतिवेदन नै लुकाउन खोजेको भन्दै आशंका गरिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रधानमन्त्री निजी सचिवालयमा उक्त प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै ध्यानाकर्षणसहितको मागपत्र अलायन्सले दर्ता गराएका छन्। आयोगले प्रतिवेदन लुकाउन खोजिएको उनीहरुले आरोप लगाएका छन्। अन्तरिम नागरिक सरकारले जेन-जीका अन्य माग सम्बोधन गर्ने अपेक्षा अनुसार काम नभएको उनीहरुले बताउन थालेका छन्।

उनीहरुले बुझाएको मागपत्रमा भनिएको छ, 'विशेषगरी भाद्र २३ र २४ को घटनाको निष्पक्ष छानबिन गर्न गौरीबहादुर कार्कीको नेतृत्वमा गठन गरिएको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न, सिफारिसहरु कार्यान्वयन गरी दोषीलाई कारबाही र पीडितहरूलाई न्यायको अनुभूति यही अन्तरिम नागरिक सरकारले गराउँछ भन्ने हाम्रो अपेक्षा थियो। तर पछिल्लो समय जाँचबुझ आयोगको पटकपटक म्याद थप भएर निर्वाचन पछाडि सम्मको म्याद थप भएकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।'

गौरीबहादुर कार्की जाँचबुझ आयोगको प्रतिवेदन निर्वाचनपछि मात्र सार्वजनिक गरिने भन्नेपछि जनमानसमा गम्भीर संशय पैदा भएको अलायन्सले जनाएको छ। विगतका कैयौं आयोगका प्रतिवेदनहरू जस्तै यसलाई पनि दराजमा थन्क्याएर दण्डहीनताको शृंखलालाई नै निरन्तरता दिन खोजिएको त होइन ? भन्ने सरकारसंग प्रश्न समेत उनीहरुले गरेका छन्।

यदि त्यसो भएमा , जेन- जीको रगत र पसिनाको जगमा उभिएको यो अन्तरिम सरकारले सम्पूर्ण जनआन्दोलनप्रति नै विश्वासघात गरेको ठहरिने उनीहरुले बताएका छन्। उक्त पत्रमा भनिएको छ, 'यस्तो कदमले यहाँको नेतृत्व र मन्त्रिपरिषद्का सदस्यहरूका साथै आयोगका पदाधिकारीहरूको सार्वजनिक छविमा कहिल्यै नमेटिने कलंक लगाउने निश्चित छ।'

निर्वाचन सम्पन्न हुनासाथ कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्ने स्पष्ट प्रतिबद्धता जाहेर गर्न उनीहरुले खबरदारीसहित माग गरेका छन्।

# अति संवेदनशील सूचीमा सर्लाही- ४




**टुडे समाचारदाता**

मलंगवा। यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ को सम्पूर्ण मतदानस्थलहरु अति संवेदनशील सूचीमा रहेको जनाइएको छ।

सर्लाहीको सुरक्षा समितिले जिल्लाभरका ३ सय १२ मतदानस्थलमध्ये १ सय ५८ वटालाई अति संवेदनशील र १ सय ३१ लाई संवेदनशीलको सूचीमा राखेको जनाएको छ।

नेपाली कांग्रेसका सभापति गगन कुमार थापा उम्मेदवार रहेको सर्लाही क्षेत्र नम्बर ४ मा रहेको ८१ वटै मतदानस्थल अति संवेदनशील सूचीमा राखिएको छ।

सर्लाही जिल्ला भारतसंगको ६४ किलोमिटर लामो खुला सीमानाकासंग जोडिएको छ। जसमा सर्लाही क्षेत्र नम्बर ४ का बलरा र गडैता नगरपालिका तथा विष्णुपुर र रामनगर गाउँपालिका भारतीय भू-भागसंग जोडिएको छ। यद्यपि भारतसंग सीमानाका जोडिएको अवस्थामा कुनै पनि बेला जुनसुकै बहानामा यस क्षेत्रमा सामान्य विवादले उग्र रुपमा लिन सक्ने सम्भावनालाई मध्यनजर गर्दै क्षेत्र नम्बर ४ का सबै मतदानस्थल अतिसंवेदनशील सूचीमा राखिएको छ।

जिल्लाभरिका २३ वटा मतदानस्थल मात्र सामान्य सूचीमा रहेको जिल्ला सुरक्षा समितिले जनाएको छ। जिल्ला सुरक्षा समितिले भौगोलिक विकटता, नेपाल-भारत सीमा नजिक मतदान स्थल, विगतका निर्वाचनमा दलबीच भएका झडप तथा अपराधिक क्रियाकलापका आधारमा सर्लाही ४ का मतदानस्थललाई अति संवेदनशील स्थानमा राखेको छ।

अति संवेदनशील र संवेदनशील मतदानस्थललाई सोहीअनुरुप सुरक्षा घेरामा राखेर भयरहित वातावरणमा निर्वाचन गराउने योजना बनाइएको छ।

२०६४ सालको संविधान सभा निर्वाचनमा तत्कालीन क्षेत्र नम्बर ६ रहेको यहाँ मतदान केन्द्र नै कब्जा गर्ने प्रयास भएको थियो। गढैया मतदान केन्द्रबाहिर बम विस्फोट नै हुँदा तत्कालीन कांग्रेसका उम्मेदवार अमरेशकुमार सिंहका दाजु शम्भु सिंहको मृत्यु भएको थियो।

२०७९ मा कांग्रेसको संस्थापन पक्षसंग कुरा नमिलेपछि अमरेश कुमार सिंहले पार्टीबाट टिकट पाउन सकेनन्। त्यसबेला कांग्रेसबाट टिकट हात पार्न सफल भएका पूर्वजिल्ला सभापति नागेन्द्र कुमारलाई एक हजार ७६४ मतान्तरले पराजित गर्दै स्वतन्त्र (कांग्रेसका बागी) बाट उम्मेदवारी दिएका सिंह तेस्रो पटक यस क्षेत्रबाट सांसदमा निर्वाचित भए। सिंह कांग्रेसबाट उम्मेदवार रहँदा २०७४ मा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) का राकेशकुमार मिश्रलाई एक हजार ४६४ मतान्तरले पराजित गरेका थिए। त्यसबेला सिंहले २९ हजार छ सय मत प्राप्त गरी निर्वाचित हुँदा राजपाका मिश्रले २८ हजार १३६ मत प्राप्त गरेका थिए।

विगतमा भएको विभिन्न निर्वाचनमा पनि यहाँ मतगणनाका क्रममा झडप भएको थियो। सो क्रममा मानिसहरू घाइते भएका थिए। अवस्थालाई नियन्त्रणमा लिनका लागि प्रहरीले हवाईफायर नै गर्नुपरेको थियो। गुण्डागर्दी र बलमिच्याइँको तनावपूर्ण विगतकै कारण यसपटक पनि यहाँका उम्मेदवार र मतदाताहरूमा भय देखिन्छ।

चुनावका बेला उम्मेदवार र उनका समर्थकहरूबीचको झडप, बुथ कब्जाको प्रयासलगायतका गतिविधि हुने गरेकाले सर्लाही-४ का सबै मतदानस्थल अति संवेदनशीलमा राखिएको छ। जिल्लाभर ३ सय ३४ वटा हतियार दर्ता भएकोमा ६४ वटा मात्रै आफूलाई बुझाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीको तथ्यांक छ। यहाँ घरेलु र अवैध हातहतियारको पनि त्यत्तिकै डर छ।

आफ्नो सुरक्षा रणनीति सार्वजनिक गर्न नमिल्ने बताउँदै सर्लाही प्रहरी चुनावका बेला सक्रिय हुनसक्ने नेपाल-भारत दुवैतर्फका आपराधिक पृष्ठ भूमिका व्यक्ति समूहप्रति सचेत रहेको देखिन्छ। सर्लाही- ४ अतिसंवेदनशील रहेका छ भने यहाँबाट हेभिवेट उम्मेदवारहरु पनि रहेका छन्।

कांग्रेसका सभापति गगन कुमार थापा, ०७९ मा कांग्रेस पार्टी त्यागेर स्वतन्त्र रुपमा निर्वाचित भएका अमरेशकुमार सिंह र उनलाई ०६४ को निर्वाचनमा पराजित गरेको छ।

शिवपुजन यादवले छोरा अमनिशकुमारलाई नेकपा (एमाले)बाट प्रतिस्पर्धा गराउँदै छन्। नेपाली कम्युनिस्ट पार्टी ( नेकपा) बाट रजनिश राय, जनता समाजवादी पार्टी नेपालबाट रामेश्वर राय यादव, जनमत पार्टीबाट राकेशकुमार मिश्रलगायत ३९ जना चुनावी मैदानमा रहेका छन्।

सुरक्षा निकायले पनि गस्ती, निगरानी र आकस्मिक सुरक्षा टोली तयारी अवस्थामा राखिएको बताइन्छ भने नेपाली सेनाको टोली पनि नियमित पेट्रोलिङमा छ।

त्यस्तै सर्लाही- १ मा एक लाख ३० हजार ८७१, सर्लाही- २ मा एक लाख २५ हजार ३११, सर्लाही- ३ मा एक लाख ३४ हजार ४१२ र सर्लाही- ४ मा एक लाख २१ हजार १२ जना मतदाता रहेको निर्वाचन कार्यालयले जनाएको छ।

यसपटक सर्लाहीमा दुई लाख ७८ हजार ८३७ पुरुष, दुई लाख ३२ हजार ७५८ महिला र ११ अन्यसहित पाँच लाख ११ हजार ६०६ जना मतदाताले मतदान गर्नेछन्। यस निर्वाचनमा सर्लाहीमा २२ हजार ५९५ जना नयाँ मतदाता थपिएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।



# मदिरा बिक्री-वितरणमा प्रतिबन्ध




**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय धनुषासहित मधेश ८ वटै जिल्ला प्रशासन कार्यालयले मदिरा बिक्री-वितरणमा प्रतिबन्ध लगाएको छ।

धनुषासहित ८ वटै प्रशासन कार्यालयले जारी गरेको सूचना अनुसार फागुन १८ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्म जिल्लाको सबै स्थानमा मदिराजन्य पदार्थको बिक्री, वितरण तथा सार्वजनिक स्थानमा सेवन पूर्ण रूपमा निषेध गरिएको छ।

निर्वाचन अवधिमा शान्ति सुरक्षा कायम राख्न तथा सामाजिक सद्भाव जोगाउन यस्तो निर्णय गरिएको प्रशासनले जनाएको छ। ती जिल्लाहरुको सूचनामा निषेधाज्ञा उल्लंघन गरी मदिरा बिक्री-वितरण वा सेवन गरेको पाइए प्रचलित कानुनअनुसार कडा कारबाही गरिने चेतावनी पनि दिइएको छ।

प्रशासनले होटल व्यवसायी, राजनीतिक दल, नागरिक समाज तथा सर्वसाधारणलाई निर्णय कार्यान्वयनमा सहयोग गर्न आग्रह गरेको छ। साथै सुरक्षा निकायमार्फत मदिरा बिक्री-वितरण तथा सेवनमा कडाइका साथ अनुगमन गरिने बताइएको छ।

यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय धनुषा र सशस्त्र प्रहरी बल नेपाललाई समेत आवश्यक समन्वय र कार्यान्वयनका लागि जानकारी गराइएको प्रशासनले जनाएको छ।

# बारामा विशेष सुरक्षा योजना



**टुडे समाचारदाता**

बारा। आगामी फागुन २१ को प्रतिनिधिसभा निर्वाचनलाई सुरक्षित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन जिल्ला प्रहरी कार्यालय बाराले मतदान स्थलहरूको संवेदनशीलता मूल्यांकन गर्दै विशेष सुरक्षा योजना तयार गरेको छ।

सुरक्षा विश्लेषणका आधारमा जिल्लाका ३०५ मतदान स्थलमध्ये १४५ स्थललाई अति संवेदनशील सूचीमा समावेश गरिएको छ, जुन कुल संख्याको झण्डै आधा हो। प्रहरीले १०८ मतदान स्थललाई संवेदनशील तथा ५२ स्थललाई सामान्य अवस्थाका रूपमा वर्गीकरण गरेको जनाएको छ।

भौगोलिक अवस्था, पहुँच मार्ग, पूर्वाधारको स्थिति र विगतका गतिविधिलाई आधार मानेर यो वर्गीकरण गरिएको हो।जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक बिजयराज पण्डितका अनुसार संवेदनशीलताको स्तरअनुसार सुरक्षाकर्मी परिचालन गरिनेछ।

उनले निर्वाचनलाई भयरहित र निष्पक्ष बनाउन सबै सुरक्षा निकायबीच समन्वय गरी रणनीतिक रूपमा जनशक्ति खटाइने बताए।बारामा कुल ३०८ मतदान स्थलअन्तर्गत ५८७ मतदान केन्द्र रहेका छन्।

निर्वाचन सुरक्षाका लागि करिब १,६०० नेपाल प्रहरी र २,६३८ जना म्यादी प्रहरी परिचालन गरिँदैछ। थप सुरक्षाका लागि ७ जना प्रहरी नायब उपरीक्षक, १३ जना प्रहरी निरीक्षकसहित ७६३ जना सुरक्षाकर्मी सहयोगका लागि जिल्लामा खटिएका छन्। यसैगरी नेपाली सेना र सशस्त्र प्रहरी बलको छुट्टै सुरक्षा टोलीसमेत परिचालन हुने व्यवस्था मिलाइएको छ।

# कृषि विश्वविद्यालयको होली मिलन समारोह

**टुडे समाचारदाता**

राजविराज। मधेश कृषि विश्वविद्यालयले होली पर्वको अवसरमा भव्य होली मिलन समारोह सम्पन्न गरेको छ। विश्वविद्यालयको निर्माणाधिन प्रशासनिक भवन परिसरमा आयोजित सो समारोहमा पदाधिकारी, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागीहरूले एक-आपसमा अबिर र रंग लगाउँदै शुभकामना आदान-प्रदान गरेका थिए। मधेशको मौलिक सांस्कृतिक झल्को दिने लोकगीत तथा पारम्परिक बाजागाजासहितको प्रस्तुति सहित होली उत्सव मनाएको हो।

समारोहमा विश्वविद्यालयका पदाधिकारीहरूले होली पर्वले आपसी सद्भाव, भाईचारा र सहकार्यको भावना अभिवृद्धि गर्ने बताएका थिए। विश्वविद्यालय परिवारबीचको सम्बन्ध अझ सुदृढ बनाउन यस्ता कार्यक्रमले सकारात्मक ऊर्जा प्रदान गर्ने उनीहरूको भनाइ थियो।

विश्वविद्यालयका रजिष्ट्रार श्रीभगवान ठाकुरको प्रमुख आतिथ्य एवं डिन प्रा. जय प्रकाश दत्तको अध्यक्षतामा भएको कार्यक्रमको अवसरमा परम्परागत परिकार ‘मालपुवा’ लगायत विभिन्न मिठाईको व्यवस्था गरिएको थियो। सहभागीहरूले सामूहिक रूपमा मालपुवा स्वाद लिँदै उत्सवको आनन्द उठाएका थिए।

नयाँ भवनमा पहिलोपटक आयोजना गरिएको होली मिलन समारोहले विश्वविद्यालय परिवारबीच उत्साह र एकता थप मजबुत बनाएको आयोजकले जनाएको छ।

कार्यक्रममा सहभागिहरूले आगामी दिनमा पनि यस्ता सांस्कृतिक तथा सामाजिक कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए।

२०८० साल माघ ८ गते जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र मधेश प्रदेशका तत्कालिन मुख्यमन्त्री सरोज कुमार यादवले संयुक्त रुपमा शिलान्यास गरेका उक्त प्रशासनीक भवनको निर्माण कार्य द्रुत गति अघि बढेको छ।




# प्रतिबद्धता माग्दै सिरहा १ का मतदाता



**टुडे समाचारदाता**

लहान। सिरहा निर्वाचन क्षेत्र नं. १ का किसानहरूले ऐतिहासिक खुटी नहर सञ्चालन गर्न प्रतिबद्धताको माग उम्मेदवार हरुसँग गरेका छन्।

खुटी नहर सञ्चालनमा आए दक्षिणी भेगका ९३५ बिघा जग्गामा सिँचाइ पुग्ने लक्ष्यसहित लहान नगरपालिका-१० मा हेडवर्क्स निर्माण कार्य सम्पन्न भएको छ। बाँकी काम सम्पन्न गर्न घरदैलोमा आउने उम्मेदवारहरूसँग किसान मतदाताले विश्वसनीय प्रतिबद्धताको माग गरेका छन्।

पटक-पटक प्रतिबद्धता गरिए पनि कहिल्यै पूरा नभएकाले खुटी नहर सञ्चालनका लागि यसपटक विश्वसनीय प्रतिबद्धता आवश्यक रहेको लहान नगरपालिका-२३ का रामविलास यादवले बताउनुभयो। रामविलास यादवजस्तै लहान नगरपालिका-२, ३, ११, १२, १९, २०, २१, २२ र २३ तथा सखुवानन्कारकट्टी गाउँपालिका र भगवानपुर गाउँपालिकाका किसानहरूले पनि उम्मेदवारसँग खुटी नहर सञ्चालनका लागि प्रतिबद्धता माग गरिरहेका छन्।

राणाकालीन प्रधानमन्त्री ८८चन्द्र शमशेर जंगबहादुर राणा ८८ को पालामा तटबन्ध निर्माण गरी सञ्चालन गरिएको खुटी नहर अलपत्र परेपछि बदलिँदो समय अनुसार आधुनिकीकरण गरेर सञ्चालन गर्नुपर्ने माग २०४६ सालयता हरेक निर्वाचनमा उठ्दै आएको छ।

हरेक दलले किसानको माग पूरा गर्ने प्रतिबद्धता जनाए पनि अहिलेसम्म खेतमा सिँचाइका लागि पानी नपुगेकाले यसपटक विश्वसनीय प्रतिबद्धता खोजिएको लहान-२१ का भोरिल यादवले बताए।

चार वर्षअघि लहान नगरपालिकाका पूर्वनगरप्रमुख मुनि साहको कार्यकालमा मधेश प्रदेशको सिँचाइ डिभिजन कार्यालयको पहलमा आठ करोड ७२ लाख रुपियाँ लागतमा लहान-१० मा नहरको पानी निकाल्न हेडवर्क्स निर्माण गरिएपनि केही बांकी रहेका कारण आजसम्म संचालनमा आउन सकेको छैन।

स्थानीय मतदाता समेत रहेका नहर संघर्ष समितिका संयोजक धर्मराज चौधरीका अनुसार हेडवर्क्स निर्माण भए पनि पुरानो नहर मर्मत र निकास व्यवस्थापनका लागि अझै ठूलो लगानी आवश्यक रहेको र यसतर्फ पर्याप्त पहल नभएकाले खुटी नहर सञ्चालनका लागि गत वर्ष छ महिनासम्म आन्दोलन गरेपनि केही हुन सकेन।

लहानको सहरी क्षेत्रबाट बग्ने नहरलाई ड्रेनका रूपमा प्रयोग गर्न ह्युमपाइप राखी फोहोर निकासी गर्ने उद्देश्यले करिब आठ करोड रुपियाँमा नगरपालिकाले ठेक्का आह्वान गरेपछि दक्षिण भेगका किसानहरूले विरोध गरेका थिए। त्यसपछि नगरपालिकाले उक्त योजना फिर्ता लिएको थियो।

यसपटकको प्रतिनिधिसभा निर्वाचनमा खुटी नहर सञ्चालन गर्ने प्रतिबद्धता विभिन्न दलका उम्मेदवारहरूको घोषणापत्रमा प्राथमिकताका साथ समेटिएको छ। उम्मेदवारहरूले सहरी क्षेत्रको सौन्दर्यीकरण र ग्रामीण क्षेत्रका किसानलाई सिँचाइ सुविधा उपलब्ध गराउने गरी नहर सञ्चालन गर्ने प्रतिबद्धता जनाएपनि विगतमा भएको ठगीले उनीहरु विश्वस्त छैनन्।

# अझै प्रश्न आउन छाडेको छैन – मतदाता सूचीमा नाम कसरी हेर्ने ?

काठमाण्डु। “मतदाता सूचीमा नाम कहाँ हेर्ने होला ?” निर्वाचन आयोगको कार्यालय, कान्तिपथको मूल ढोकाबाट सुरक्षा जाँज गरेर भित्र छिरेपछि क्यान्टिनमा चिया खाइरहेका कर्मचारीलाई एक मतदाताले सोधे। अन्दाजी ५० वर्षीय ती पुरूषले आफ्नो परिचय नदिइ जिज्ञाशा राखेपछि त्यहाँका कर्मचारीहरुले ‘आफ्नै मोबाइलमा हेर्न सकिन्छ नि’ भन्ने जवाफ दिए। ती मतदाताले मोबालइमा हेर्न अप्ठ्यारो भएको र यहीँ आएर हेर्न चाहेको बताएपछि उनलाई आयोगको सूचना प्रविधि प्रणाली सञ्चालन गर्ने शाखामा पठाइयो।

मतदाता सूचीमा आफ्नो नाम र मतदान स्थलसहितको ठेगाना आफ्नै आँखाले कम्प्युटरमा हेरेपछि उनी ढुक्कले ‘अब मत हाल्न पाइने भइयो’ भन्दै बहादुर भवन परिसरबाट फर्किए। उनको घर परिवारमा नयाँ पुस्ताका सदस्यहरु नभएकाले पनि सूचना प्रविधिमा मोबाइलबाट अभ्यस्त हुन नसकेका रहेछन्। उनलाई आयोगका कर्मचारीले ‘निर्वाचनसम्बन्त्रधी यस्ता विषयमा जिज्ञासा भएमा कार्यालयमा धाइरहनु पर्दैन, पैसा नलाग्ने ‘कल सेन्टर’ मा सिधै फोन गरेर पनि जवाफ वा समाधान पाउन सकिन्छ’ भनेर सम्झाएका थिए।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगले विगतमा झैँ ‘कल सेन्टर’ सञ्चालनमा ल्याएको छ। आयोगले पैसा नलाग्ने टोल फ्रि नम्बर ११०२ मा कल गरेर पनि मतदाता परिचयपत्र, मतदाता शिक्षा, निर्वाचन आचारसंहिता र अन्य विषयमा सोधपुछ गर्न सकिने प्रबन्ध गरेको छ। आयोगका कल सेन्टरका संयोजक एवं उपसचिव सपना भट्टराईका अनुसार उक्त सेन्टरमा कम्प्युटर अधिकृत, नेपाल टेलिकमका दुई प्राविधिकसहित हाल नौ जना कार्यरत छन्। हरेक दिन बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म यस सेन्टरमा आउने फोनहरु उठाएर समस्याको समाधान र आवशयक जवाफ दिइने बताउनुभयो।

उहाँका अनुसार दैनिक ७० देखि २०० सम्म कल आउने गरेका छन्। “धेरै प्रश्नको समाधान त हामीले नै गर्छौं। नसक्ने खालका भएमा सम्बन्धित शाखा वा व्यक्तिकोमा फरवार्ड गर्छौं।”, संयोजक भट्टराईले रासससँग भन्नुभयो। आयोगका सहप्रवक्ता कुलबहादुर जिसीका अनुसार ‘कल सेन्टर’ मा ‘मतदाता परिचयपत्र बनाउन के गर्नुपर्छ ? यस निर्वाचन अगाडि मतदाता नामावलीमा नाम समावेश गराई मतदानमा सहभागी हुन सकिन्छ कि सकिँदैन ?’ भन्ने जिज्ञाशा पनि आउने गर्छ। यस्तो जिज्ञासामा “नागरिकता समावेश गरी सम्बन्धित निर्वाचन कार्यालयमा मतदाता नामावली नाम दर्ता गराएपछि मतदाता परिचयपत्र बन्ने गरेको छ। आवेदकको फोटो, औँठा छाप जस्ता जैविक विवरण सङ्कलन गरी मतदाता नामावलीमा नाम दर्ता हुन्छ। निर्वाचन नजिक आइसकेकाले हाललाई मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिकको कार्य कानुनमा भएको व्यवस्था अनुसार निर्वाचन अवधिभर स्थगित गरिएको छ” भन्ने जवाफ दिने गरिएको छ।



यस्तै ‘आफ्नो स्थायी ठेगानाको जिल्लाभन्दा बाहिरको जिल्लाबाट मतदाता नामावलीमा नाम दर्ता गर्न मिल्छ कि मिल्दैन ?’, ‘निर्वाचन आचारसंहिता उल्लङ्घन भएमा के कस्तो सजाय हुने व्यवस्था गरिएको छ ?’ निर्वाचनपछि नामावली दर्ता र अध्यावधिकको कार्य खुल्ला हुन्छ भने निर्वाचन आचारसंहिता उल्लङ्घन भएमा कारबाहीका व्यवस्था निर्वाचन आचारसंहिता, २०८२ मा गरिएको छ। आचारसंहिताको दफा ४८ मा बमोजिम आचारसंहिता उल्लङ्घन भएमा रु एक लाखसम्म जरिवाना हुने, उम्मेदवारी रद्द गर्न सकिने, आचारसंहिता विपरीत कुनै प्रकारले आर्थिक सहयोग लिएमा त्यस्तो सहयोग लिने राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिवाना गर्ने र त्यसरी भएको जरिवाना छ महिनासम्म नबुझाउने उम्मेदवारलाई आयोगले तत्काल लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने भनिएको छ।

प्रचलित कानुन बमोजिम निर्वाचन कसुर मानिने कार्य भएमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कारबाही हुनेछ। ‘निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइएमा कहाँ उजुरी दिने भन्ने प्रश्न पनि आयोगमा आउने गर्छ।’ त्यस्तो पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, जिल्ला आचारसंहिता अनुगमन समिति, अनुगमन टोली वा अनुगमन अधिकृतसमक्ष तोकिएको ढाँचामा उजुरी दिन सक्ने व्यवस्था गरिएको छ। यसरी उजुरी दिँदा आधार, कारण र सोसम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गर्नुपर्ने छ। ‘निर्वाचनको दिन विदेशी पर्यटकको आवागमनलाई आयोगले के व्यवस्था गरेको ? अन्तरराष्ट्रिय उडान र स्थल मार्गमा आवागमनमा रोकावट हुन्छ कि हुँदैन ?’ भन्ने प्रश्न पनि आयोगको ‘कल सेन्टर’ ले सुनेको प्रश्न हो।

यसको जवाफमा “निर्वाचनको दिन कुनै पनि राष्ट्रिय वा अन्तरराष्ट्रिय हवाई उडान नरोकिने र राजमार्गमा चल्नुपर्ने सवारी साधनको आवागमनलाई व्यवस्थित तुल्याउन सवारी साधनको अनुमतिसम्बन्धी कार्यविधि,२०८२ निर्माण गरिएको भनिएको छ। जिल्ला प्रशासन कार्यालयबाट र काठमाडौँमा निर्वाचन आयोगबाट कम्तीमा दुई दिनअघि अनुमति लिई पर्यटकको आवागमनको लागि सवारीसाधन सञ्चालन गर्न सकिने तथा अत्यावश्यक सेवा, कूटनीतिक नियोग, मानव अधिकार आयोगबाहेक अन्य कुनै प्रकारका सवारीसाधन अनुमित नलिइ प्रयोग गर्न पाईँदैन।” दिइने गरिएको छ।

यसैगरी निर्वाचनमा भाग लिएका उम्मेदवार/दलले स्वच्छता र खर्चको पारदर्शीताका लागि बेग्लै बैंक खाता सञ्चालन गर्नुपर्ने, मतदान केन्द्रमा काम गर्ने कर्मचारीको खटनपटन, मत बदरको अवस्था, मतदान केन्द्रमा काम गर्ने कर्मचारीको खटनपटन, सामाजिक सञ्जालको सामग्रीको व्यवस्थान आदिबारे पनि कल सेन्टरमा जिज्ञाशा आउने गरेको छ। कानुनी व्यवस्थानुसार मत मदर हुने अवस्थाहरु स्पष्ट गरिएका छन्। सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको मतपत्रबाट मतदान गरेमा, निर्वाचन आयोगले राखेको मसी र स्वस्तिक चिन्हबाहेक अन्य चिन्ह वा छाप लगाई मत सङ्केत गरेमा वा औँठा छापबाट मत सङ्केत गरेमा, मतपत्रमा सङ्केत चिन्ह नबुझिने गरी लत्पतिएको वा मतपत्र च्यातिएमा, उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरेमा, निर्वाचित गर्नुपर्ने सिट सङ्ख्याभन्दा बढी उम्मेदवारलाई मत सङ्केत गरेमा, एकभन्दा बढी निर्वाचन चिन्हमा मत सङ्केत गरेमा, मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको मतपत्र, कुनै पनि उम्मेदवारको निर्वाचन चिन्हमा मत सङ्केत नगरेमा, आयोगद्वावार निर्धारित मतपत्र बाहेक अन्यद्वारा मतदान गरेको पाइएमा, मतपेटिका भन्दा बाहिर राखिएको मतपत्रको मत, जाली मतपत्र वा आयोगले बदर हुने भनी तोकेको मतपत्र पाइएमा मत बदर हुन्छ।

आयोगले ट्रेड युनियनका पदाधिकारी भन्नाले कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष सम्झनुपर्छ र सो शब्दले कार्य समितिको सदस्यलाईसमेत जनाउँछ र ट्रेड युनियन यही ऐनबाट वैधानिक अस्तित्व प्राप्त गरी क्रियाशील हुने हुँदा यही परिभाषा अनुसारको अर्थलाई मनन गर्नुपर्ने हुन्छ भन्ने जवाफ दिने गरेको छ।रासस

## एमाले महासचिव पोखरेलद्वारा पाँच संकल्प सार्वजनिक

देउखुरी। दाङ क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शंकर पोखरेलले आफू निर्वाचित भएमा पाँचवर्ष भित्र गर्ने पाँच संकल्प सार्वजनिक गर्नुभएको छ।

उहाँले आर्थिक, शैक्षिक, स्वास्थ्य, प्रविधि र सुशासनका पाँच क्षेत्रमा रूपान्तरण ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको हो। पोखरेलले ‘पाँच वर्षमा पाँच क्रान्ति’ शीर्षकको संकल्प आज यहाँ सार्वजनिक गर्नुभयो। उक्त संकल्पमा रोजगारी सिर्जना, सडक, सिँचाइ र उद्योग विस्तारमार्फत आर्थिक तथा पूर्वाधार क्रान्ति अघि बढाउने योजना प्रस्तुत गर्नुभएको छ।

गुणस्तरीय शिक्षा र सीपमूलक कार्यक्रमसँगै डिजिटल शिक्षाको विस्तारलाई प्राथमिकता दिने उहाँको संकल्पमा उल्लेख छ। स्वास्थ्य सेवामा सहज र गुणस्तरीय उपचार, आधुनिक उपकरणसहितका अस्पताल र गाउँगाउँमा विशेष स्वास्थ्य सेवा उपलब्ध गराउने संकल्पमा भनिएको छ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज तपाईको आत्मविश्वास बढ्नेछ। नयाँ काम सुरु गर्ने राम्रो संकेत छ। |
| वृष : | परिवारसंग रमाइलो समय बित्नेछ। पुरानो समस्या समाधान हुने सम्भावना छ। |
| मिथुन : | आज सृजनात्मक काममा मन लाग्नेछ। नयाँ चिनजान फाइदाजनक हुनेछ। |
| कर्कट : | मन अलि संवेदनशील बन्न सक्छ। अधुरा काम पुरा हुनेछन्। |
| सिंह : | नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ। कार्यक्षेत्रमा उन्नति सम्भव छ। |
| कन्या : | योजना बनाएको काम सफल हुनेछ। पढाइ वा अनुसन्धानमा प्रगति हुनेछ। |
| तुला : | सम्बन्ध सुधार गर्ने समय हो। व्यापारमा लाभको संकेत छ। |
| वृश्चिक : | आज मेहनतको फल पाउने दिन हो। गोप्य योजना सफल हुन सक्छ। |
| धनु : | यात्रा वा भेटघाटको सम्भावना छ। अध्ययनमा रुचि बढ्नेछ। |
| मकर : | जिम्मेवारी बढ्न सक्छ। करियरमा नयाँ दिशा मिल्नेछ। |
| कुम्भ: | नयाँ विचारले प्रशंसा पाउनु हुनेछ। |
| मीन : | आध्यात्मिक सोच बढ्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अबको पाँच वर्ष स्वर्णिम बनाउने छौँ, मुलुकलाई दुर्घटनामा पर्न दिन्नौँ : सभापति थापा

कर्णाली । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले अबको पाँच वर्ष मुलुकलाई स्वर्णिम बनाउने गरी काम गर्ने बताउनुभएको छ।

सुर्खेतमा विहीबार भएको कांग्रेसको कर्णाली प्रदेश स्तरीय चुनावी सभालाई सम्बोधन गर्दै सभापति थापाले यही फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा कांग्रेसलाई जिताएर मुलुकलाई ऐतिहासिक स्वर्णिम पाँच वर्ष बनाउन सबैलाई आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "विगत पाँच/छ वर्ष केवल सरकार बनाउने र फेर्ने कामका लागिमात्र खर्च भयो । यसले तन्नेरीलाई रुष्ट बनायो । देशले गति समात्नु पर्नेमा गठबन्धनको राजनीतिले कहीँ न कहीँ दूषित बनायो । अब २०८२ देखि २०८७ सम्मको पाँच वर्ष हामी आग्रह गरिरहेका छौँ । यो एउटा मौकालाई नेपालको इतिहासलाई स्वर्णिम बनाउने छौँ भनेर सपना बोकेर आएका छौँ । हामीलाई नेपालको सीमितता थाहा छ । हामी यसलाई सुधार्छौँ । प्रतिज्ञापत्र सार्वजनिक गरेका छौँ । पाँच वर्ष भनेर कुरेर बस्दैनौँ । बैशाख १ गते आउँछ र एक महिनामा यो काम गर्यौँ भन्छ कांग्रेसले । जेठ १ गते आउँछ र एक महिनामा यी काम गर्यौँ भन्छौँ ।"




सभापति थापाले पाँच वर्षका योजनाबारे सबै दलसँग सामूहिक टेबलमा बस्न तयार रहेको बताउनुभयो । तर कोही पनि यसका लागि तयार नभएको भन्दै उहाँले कोही कसैले कुनै नाटक गर्यो भने कर्णालीले त्यसलाई पत्याउन नहुने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'आओस् एमाले, आओस् नेपाली कम्युनिष्ट पार्टी र आओस् रास्वपा । एउटै मञ्चमा बसेर योजना बनाउँभन्दा कोही नआउने ।"

सभापति थापाले अब कुनै पनि निहत्था नेपालीको ज्यान जान नहुने र कुनै मुकुन्डोधारीले सिंहदरबार जलाउन पनि नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारको गोलीबाट कुनै पनि निहत्थाको ज्यान जानुहुँदैन। कुनै पनि मुकुन्डोधारीले सिंहदरबार अब जलाउनु पनि हुँदैन ।"

सभापति थापाले गत भदौ २३ गतेको आन्दोलनको जिम्मा लिने तर भदौ २४ गतेको विध्वंशको जिम्मा नलिने सोचले भोलि पनि मुलुकलाई दुर्घटना गराउन सक्ने बताउनुभयो । विदेशमा भएकाहरुलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "सिंगो कांग्रेसको जिम्मा लिएर बोल्दैछु, २०४६ सालपछि भएका भनिएका सुनिएका काण्डहरुको छानबिन गर्दै गर्दा मेरै परिवारको कोही रहेछ भने पनि छुट्दैन । पाँच वर्षमा एक जनाले पनि कुनै गलत गर्यो भनेर सुन्न पाउनु हुँदैन ।"

सभापति थापालेले मतदातालाई आग्रह गर्दै भन्नुभयो, 'यो पाँच वर्षलाई परीक्षण नगरौँ । हामी काम गरेर देखाउने हो । कर्णालीका बारेमा सबै राम्रो भन्न सकिन्छ तर प्रश्नसँगसँगै करिब ४० प्रतिशत गरिबी बोकेर कर्णाली किन बसिरहेको छ ? देशभरिका बालबालिका बचाउँदा कर्णालीका किन बचाउन सकिएन ? समस्याको जरासम्म पुग्नुपर्छ ।"

कर्णाली र काठमाडौँ महानगरपालिकाको कुनै तुलनासमेत हुन नसक्ने सभापति थापाको भनाइ थियो । उहाँले भन्नुभयो, "कर्णालीको आय वार्षिक रु ५२ करोड छ । काठमाठौँमा रु १० अर्ब छ । प्रदेश सरकारले सबैभन्दा बढी कर यातायात र सडकबाट पाउँछ । यहाँ त यातायात र सडक नै कम छ ।" कर्णालीको विकासको पहिलो मुद्धा संविधान पनि बदल कानुन पनि बदल भन्ने रहेको सभापति थापाले बताउनुभयो । "काठमाडौँबाट कर लिन पाउने हक कर्णालीले लिनुपर्छ । म संविधान र कानून बदलाब गरौँ भनेर भन्छु । तर बनाउन कति दुःख छ । कर्णालीमा पैसा कम छ मात्र हैन खर्च गर्न सकिएको छैन । पहाडी र हिमाली जिल्लामा असार साउनभित्र खर्च गर्ने व्यवस्था राखेपछि कर्णालीको खर्च बजेट फ्रिज हुन्छ । अर्को वर्षको कार्तिक मंसिरसम्म नभएसम्म खर्च गर्न सकिन्न", उहाँले भन्नुभयो ।

सूचनाको अवसरमा कर्णाली पछि पर्ने सभापति थापाले बताउनुभयो । उहाँले भन्नुभयो, ' त्यो सूचनाको उद्योगमा काम गर्न विज्ञान, अङ्ग्रेजी र गणित राम्रो हुनुपर्छ । त्यसका लागि आमाको स्वास्थ्य राम्रो हुनुपर्छ । आमाको काखमा हुँदासम्म पाँच वर्षमै विज्ञान, अङ्ग्रेजी र गणितको अवस्था बच्चाले बुझ्केको हुन्छ । काठमाडौँले मात्र लाभ लिने हुन्छ । त्यसैले प्रतिस्पर्धाका लागि कर्णालीका आमा र पोषणका क्षेत्रमा काम गर्नुपर्छ ।"

सभापति थापाले कर्णालीको खर्च बाँदरले दिएको दुःखमा भएको उल्लेख गर्दै भन्नुभयो, "विकास बहुआयामिक छ । यहाँ हल्ला छ । को कसरी हात हल्लाउँदै छ यसको चर्चा छ ।"

कांग्रेसको प्रतिज्ञापत्रले अझै सबै ठाउँमा चर्चा बटुल्न नसकेको बताउँदै सभापति थापाले यथास्थितिवादी र अतिवादीले मुलुक नबनाउने दाबी गर्नुभयो । उहाँले भन्नुभयो, 'मैले दुई चार ओटा गालीको कुरा गरेँ भने त्यो बेलुका भाइरल भइहाल्छ । आएको हैन माओवादी ? खै के भयो ? नयाँ नयाँ भनेर आउँदै गर्दा देखेको होइन हामीले ? फेरि पनि भुलभुलैयामा पर्ने ? नेपाली कांग्रेस यही देशको पार्टी हो । हिजोका कमीकमजोरी मिल्काउँदै फाल्दै सच्चिने ठाउँमा सच्चिएर हामी कांग्रेस बदलेर आएका छौँ । देश पनि बदल्छौँ । पाँच वर्षमा देशलाई दुर्घटनामा जान दिन्नौँ । यथास्थितिवादीले देशलाई अगाडि बढ्न दिँदैन ।" सुर्खेतको मैदानमा बोल्दै सभापति थापाले भन्नुभयो, "यो उत्साह यो चौरमा भएर हुँदैन । सबै साथीहरु गाउँ जानुस् । आफ्नो घरमा होइन मतदाताको घरमा पुग्नुस् । कांग्रेसको सन्देश दिलएर पुग्नुस् । पाँच वर्षलाई खेर जान दिन हुन्न भन्नुस् ।"

नेपाली कांग्रेसका उपसभापति पुष्पा भुसालले देशको समृद्धि र युवा, महिला, जनजाति, दलित समुदायको सपनालाई अब कांग्रेसले मात्रै पूरा गर्न सक्ने बताउनुभयो । कर्णाली क्षेत्रका १२ क्षेत्रका उम्मेदवारको इमान्दारिता, योजना र व्यक्तित्व हेरेर मतदान गर्न उहाँले आग्रह गर्नुभयो ।

उपसभापति भुसालले आफ्नो पार्टीले अगाडि सारेका सबै उम्मेदवार भ्रष्टाचार विरोधी र इमान्दार रहेको दाबीसमेत गर्नुभयो । कांग्रेस बदलिएर आएको र देशको नेतृत्व गर्न पार्टी सभापति गगनकुमार थापालाई प्रधानमन्त्रीको उम्मेदवार बनाएको भन्दै उहाँले पार्टीले घोषणा गरेका प्रधानमन्त्री हुनका लागि कर्णालीका सबै क्षेत्रबाट चुनाव जिताउनुपर्ने आग्रह गर्नुभयो ।

कांग्रेस लोकतान्त्रिक पार्टी भएकाले लोकतान्त्रिक अभ्यासअनुसार देश चलाउने उपसभापति भुसालले बताउनुभयो । उहाँले यहाँका नागरिकले आफ्नो मतदातबाट कांग्रेसलाई रूखमा मतदान गरेर जिताएर देशको विकासमा साथ दिन आग्रह गर्नुभयो । उपसभापति भुसालले कांग्रेस किसान, महिला, बालबालिका, युवाको केन्द्रविन्दु बन्न खोजेको भन्दै त्यहाँ नागरिकलाई मतबाट अनुमोदन गराउन आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेस सुर्खेतका सभापति खड्गबहादुर पोखरेल, सुर्खेत क्षेत्र नं १ र २ का उम्मेदवारद्वय विष्णुबहादुर खड्का र नारायणकुमार कोइराला, दैलेख क्षेत्र नं २ का उम्मेदवार दिक्पाल शाहीलगायतका नेताले कांग्रेसले देश निर्माणमा विभिन्न कालखण्डमा खेलेको भूमिका अग्रणी स्थानमा रहेको बताएका थिए । सभामा नेपाली कम्युनिष्ट पार्टीबाट धनलाल गुरुङ, भोजराज मल्ल, बलराम रावल, नारायण बस्नेतसहित ८० जना कांग्रेसमा प्रवेश गरेका थिए । उहाँहरूलाई सभापति थापाले पार्टीमा स्वागत गर्नुभएको थियो ।रासस

## सिंहदरबार पुनःनिर्माण गर्न सकिन्छ : सभापति लामिछाने

गोरखा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सिंहदरबार पुनः निर्माण सकिने तर आमाको गुमेको कोख कहिल्यै नभरिने बताउनुभएको छ।

विहीबार रास्वपा गोरखाद्वारा सदरमुकाममा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उहाँले जेनजी आन्दोलनका क्रममा पहिले गोली चलेका कारण मात्र पछि सिंहदरबार जलेको दाबी गर्नुभयो । "यहाँ कसैले भ्रम फैलाएका छन्, सिंहदरबार जलायो, विध्वंस ग-यो भनेर ।



तर २३ गते गोली नचलेको भए केही पनि जल्ने थिएन", उहाँले भन्नुभयो, "जो ढल्यो, त्यो फेरि कहिल्यै उठ्दैन । रित्तिएको आमाको कोख कहिल्यै भरिँदैन । सिंहदरबार हामी पुनः निर्माण गर्छौं । सरकारी संरचना जलेकामा हामीले गौरव गरेका छैनौँ ।"

आफू वा कोही पनि प्रश्न भन्दामाथि नरहेको उहाँले बताउनुभयो । लामिछानेले आजै पालुङटार नगरपालिकामा आयोजित चुनावी सभामा समेत सम्बोधन गर्नुभएको थियो ।रासस

## आचारसंहिता उल्लङ्घनका उजुरीमा ८७ वटा स्पष्टीकरण, ५७ जवाफ प्राप्त

काठमाण्डु । केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त ८७ उजुरीका सम्बन्धमा राजनीतिक दल तथा उम्मेदवारहरूलाई स्पष्टीकरण सोधिएकामा ५७ वटाको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ।

हालसम्म ८१ जनालाई लिखित स्पष्टीकरण र छ जनालाई पुनः स्पष्टीकरण सोधिएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले राससलाई जानकारी दिनुभयो । घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाही प्रक्रिया अघि बढाएको छ। प्राप्त भएका ५४ वटा जवाफको अध्ययन भइरहेको पनि आयोगले जनाएको छ। आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालय क्रियाशील रहेको उहाँले



आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको छ। दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आवद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत् स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको छ। निर्वाचन विश्लेषणका नाममा मत सर्वेक्षण गरेर दल र उम्मेदवार विशेष निर्वाचित हुँदै भनी समाचार सामग्री प्रकाशन गर्ने सेतोपाटी अनलाइनलाई पनि प्रेस काउन्सिलमार्फत् नै स्पष्टीकरण सोधिएको छ।

जिल्लास्तरमा समेत निर्वाचन आचारसंहिना उल्लङ्घनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ। निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका बताउनुभयो ।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाइ कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ। छोटो समयमै सबै जिल्लामा सरोकारवालालाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहितापालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारी रुपमा भइरहेको आयोगले जनाएको छ। जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको पनि जनाइएको छ ।रासस

## जिम्मेवारपूर्ण पत्रकारितामा सञ्चार सचिवको जोड

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव लक्ष्मीकुमारी बस्नेतले जिम्मेवारपूर्ण पत्रकारितामा जोड दिनुभएको छ।



निर्वाचन आयोगसँगको सहकार्यमा राससद्वारा विहीबार आयोजित पत्रकार महिलाका लागि 'निर्वाचन समाचार र आचारसंहितासम्बन्धी अभिमुखीकरण' कार्यक्रममा उहाँले व्यावसायिक पत्रकारिता आजको आवश्यकता भएको बताउनुभयो ।स्वच्छ, निष्पक्ष र भयरहित वातारणमा निर्वाचन सम्पन्न गर्न सञ्चारजगत्को भूमिका महत्वपुर्ण हुने चर्चा गर्दै सचिव बस्नेतले प्रेसका माध्यमबाट प्राप्त सूचनाकाआधारमा मतदाताले धारणा बनाउने भएकाले वास्तविक समाचार सम्प्रेषणमा जोड दिनुभयो ।

"मतदाता निर्धक भएर मतदान केन्द्रमा पुग्ने र सहितरिकाले मतदान गर्न सहयोग पुर्याउने हिसाबले समाचार सम्प्रेषण गरौँ ", सचिव बस्नेतले भन्नुभयो ।राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले निर्वाचनलाई सहयोग पुग्नेगरी समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो । प्रभावकारी सन्देश प्रवाहमा उहाँको जोड थियो ।

सन्देश कसका लागि र किन तयार गर्ने भन्नेमा स्पष्ट नहुँदा त्यसको प्रभावकारिता कमजोर हुने उहाँको कथन थियो । हामीमा के सन्देश प्रवाह गर्दैछौँ भन्ने स्पष्टताको अभाव देखिन्छ", अध्यक्ष झाले भन्नुभयो, "जब सन्देशको उद्देश्य, लक्षित समूह र आधारभूत तथ्य स्पष्ट हुँदैन, त्यहाँ मिथ्याले स्थान पाउँछ ।"नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले निर्वाचन आचारसंहिता पालना गर्नु हरेक पत्रकारको दायित्व हो भन्नुभयो ।

राससका महाप्रबन्धक सन्दीप राईले निर्वाचनका बेला सूचना र समाचारको चाप बढ्ने भएकाले पत्रकारले गम्भीर भएर निष्पक्ष सामग्री प्रस्तुत गर्नुपर्ने बताउनुभयो ।

समाचार महाशाखाका उपप्रमुख एकराज पाठकले विश्वमा द्रत रूपमा विकास भइरहेको सूचना प्रविधिले ल्याएका चुनौतीलाई सामना गर्दै समाचारलाई विश्वासनीय तुल्याउनेतर्फ समाचारदाता चनाखो हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा राससका महिला पत्रकार, नेपाल पत्रकार महासङ्घ, काठमाडौँ उपत्यकाका तीनवटै जिल्लाका महासङ्घका प्रतिनिधि, प्रेस काउन्सिल, सञ्चारिका समूह, वर्किङ विमेन जर्नलिष्ट, सार्वजनिक सेवा प्रसारण नेपाल र गोरखापत्र दैनिकका पत्रकार महिला सहभागी छन् ।रासस

## निर्वाचनमा कुनै समीकरण हुँदैनः संयोजक दाहाल

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कुनै पनि राजीतिक दलसँग समीकरण नहुने स्पष्ट पार्नुभएको छ । पार्टी मुख्यालय पेरिसडाँडामा विहीबार आयोजित पत्रकार सम्मेलनमा उहाँले नेकपा आफ्नो चुनावी एजेण्डसहित एक सातापछि हुने निर्वाचनमा सहभागी हुने बताउनुभयो ।



"यो निर्वाचनमा नेकपाले कुनै पनि राजनीतिक दलसँग समीकरण गर्दैन, आफ्नै 'एजेण्डा', पार्टी सङ्गठन र जनताको साथ र सहयोगमा निर्वाचनमा जाँदैछौँ", संयोजक दाहालले भन्नुभयो । एक सय ६५ निर्वाचन क्षेत्रमध्ये बागलुङको क्षेत्र नं १ मा बाहेक अन्यत्र तालमेल नभएको जानकारी दिँदै उहाँले अयन्त्र चुनावी तालमेल गर्ने पार्टीको नीति नरहेको स्पष्ट पार्नुभयो ।

नेकपाले विगतको कमीकमजोरी सच्याएर जनताको चाहना र भावनाअनुसार सुशासन र समृद्धिको मार्गमा अघि बढ्ने उल्लेख गर्दै संयोजक दाहालले राष्ट्रिय स्वाधिनता र सामाजिक न्यायको पक्षमा तथा भ्रष्टाचारको विरुद्धमा नेकपा लाग्ने भएकाले जनताले मत दिने विश्वास व्यक्त गर्नुभयो । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन राजनीतिक दल, सुरक्षा निकाय, कर्मचारी संयन्त्र र आमजनताको भूमिका महत्वपूर्ण हुने बताउँदै उहाँले आसन्न निर्वाचनले मुलुकलाई निकास दिने विश्वास व्यक्त गर्नुभयो ।

संयोजक दाहालले जेनजी युवाको भावनाअनुसार संविधान संशोधन गर्दै मुलुकलाई राजनीतिक स्थिरता दिन सबै राजनीतिक दल, युवापुस्तालगायत सरोकार भएका निकायबीच सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिनुभयो ।रासस

## सहकारी ठगीविरुद्ध कांग्रेसको "शून्य सहनशीलता" नीति

काठमाण्डु । नेपाली कांग्रेसले बचतकर्ताको सुरक्षा र ठगीविरूद्ध 'शून्य सहनशीलता'को नीतिलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमार्फत नियमन गर्न विभिन्न वाचा गरेको छ ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कांग्रेसले सहकारी क्षेत्रमा देखिएका चुनौती सम्बोधन गर्न बचत सुरक्षण कोषको प्रभावकारी कार्यान्वयन र ठगीविरूद्ध शून्य सहनशीलताको नीति अघि सारेको हो । सहकारी क्षेत्रमा देखिएका वर्तमान चुनौतीहरूलाई सम्बोधन गर्दै शक्तिशाली नियमन र संस्थागत सुशासनमार्फत सहकारीलाई जोखिमरहित, डिजिटल,उत्पादनमुखीरअर्थतन्त्रको भरपर्दो आधारशीला बनाउने कांग्रेसको सङ्कल्प छ । निर्वाचनका लागि कांग्रेसले सार्वजनिक गरेको प्रतिज्ञा पत्रअनुसार रु २५ करोड भन्दामाथि कारोबार गर्ने ऋण तथा बचत सहकारीको हकमा नेपाल राष्ट्र बैंकले नियमन गर्ने व्यवस्था गरिनेछ । त्यसैगरी सङ्घ, प्रदेश र स्थानीय तहबीचको दोहोरोपना हटाउन र नियमनलाई प्रभावकारी बनाउन प्राविधिक जनशक्ति र डिजिटल प्रविधिसहितको सुपरिवेक्षण प्रणाली लागू गर्ने कांग्रेसको प्रतिज्ञा पत्रमा उल्लेख छ ।

सो पार्टीले बचतकर्ताको रकमको सुरक्षा गर्न पारदर्शी हिसाब-किताब, नियमित लेखापरीक्षण, 'डिजिटल ट्र्याकिङ', जोखिमको पूर्वसङ्केत प्रणाली र ठगीलाई कारबाहीको व्यवस्था गर्ने जनाएको छ ।





"समस्याग्रस्त सहकारीहरुको बचतकर्ताको बचतको फिर्ता गर्न, रु पाँच लाखसम्मका साना बचतकर्ताको रकम सरकारको जमानीमा आन्तरिक ऋणपत्र जारी गरी प्राधिकरणमार्फत फिर्ता गर्नेछौँ । ठूला बचतकर्ताको बचत रकम कानुन बमोजिम स्रोत खुलाई करको दायरामा ल्याई फिर्ताको लागि सहजीकरण गर्छौं । सहकारीको रकम ठगी गर्नेको सम्पत्ति जफत गरी बचत फिर्ता गर्ने कानुनी सुनिश्चितता गर्छौं", प्रतिज्ञा पत्रमा भनिएको छ ।

समस्याग्रस्त बचत तथा ऋण सहकारी संस्थाको सम्बन्धमा पछिल्लो कारोबारको आधारमा अलग-अलग कार्यसमूह बनाई सम्पत्ति दायित्वको फरफारक गर्नेदेखि पुनः सञ्चालन वा खारेजीको सिफारिसको अधिकार दिने व्यवस्था गर्ने कांग्रेसले प्रतिज्ञा गरेको छ ।"नियतवश ऋण नतिर्ने ऋणीको बैंक खाता रोक्का राख्ने र सरकारी सेवामा रोक, निर्वाचनमा उम्मेदवार बन्न नपाउने गरी कानुनी व्यवस्था गर्छौं । सहकारीलाई निजी व्यवसायजस्तो चलाउने, स्वार्थ समूहले कब्जा गर्ने र सदस्य हितविरूद्ध निर्णय गर्ने प्रवृत्तिलाई कानुनी दायरा ल्याएर कारबाही गर्छौं" प्रतिज्ञा पत्रमा उल्लेख छ ।

कांग्रेसले संविधानको अनुसूचीमा व्यवस्था भएको आधारमा सहकारी संस्थाको नियमन र मापदण्ड सङ्घले बनाउने, प्रदेश र स्थानीय तहले सहकारी संस्थाको दर्ता तथा अभिलेख र सुशासन प्रणालीलाई प्रभावकारी बनाउने प्रावधान स्पष्ट गर्ने जनाएको छ । त्यस्तै बचत तथा ऋण सहकारी संस्थाको निश्चित सीमासम्मको रकमको बिमा अनिवार्य गर्ने कांग्रेसको चुनावी वाचा छ ।

सबै सहकारीका कारोबार र सूचना प्रणालीलाई पूर्ण 'डिजिटल' अभिलेखीकरण अनिवार्य गर्दै नियामक निकायले रियलटाइम अनुगमन गर्न सक्ने 'एकीकृत डिजिटल प्रणाली' लागू गर्ने कांग्रेसले प्रतिज्ञा गरेको छ ।सो पार्टीले एकै व्यक्तिले धेरै लघुवित्तबाट ऋण लिने र कर्जाको चक्रमा फस्ने अवस्था अन्त्य गर्न एक व्यक्ति, एक लघुवित्त कर्जाको अवधारणा कडाइका साथ लागू गर्ने चुनावी वाचा गरेको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मन्दिरको गरिमा कायम राख

विश्वमा रहेका हिन्दूहरुको आस्थाको केन्द्रको रुपमा जनकपुरधामस्थित जानकी मन्दिर पटकपटक विवादित हुँदै आएको छ । कुनै बेला जानकी मन्दिरको महन्त हुनु भनेको सीता माताको पिताको रुपमा हेरिन्थ्यो । जसले गर्दा जानकी मन्दिरको गरिमा महन्तका कारण निकै उच्च र प्रशंसनीय रहने गर्थ्यो । महन्तले पनि जानकीलाई छोरीको रुपमा हेरचार गर्ने गरिन्थ्यो । तर अहिले भने त्यस्तो छैन । अहिले त जानकी मन्दिरको नाममा रहेका अनेकन जग्गा अतिक्रमण भइसकेको छ । मन्दिरभित्र आस्थाभन्दा पनि बढी कोठा र शौचालय छ । जहाँ भगवानको दर्शन कम र व्यवसायी कारोबार बढी हुने गरेको कुराहरु पनि पटकपटक सार्वजनिक हुने गरेको छ । त्यहाँ रकमको चलखेल र अनियमितताका कुराहरु पनि पटकपटक सार्वजनिक भइरहेको हुन्छ । यसतर्फ जानकी मन्दिर र मन्दिर व्यवस्थापन समितिले आफ्नो कामकाज भन्दा पनि महन्तलाई मोटाउनका लागि काम गर्दा मन्दिरमाथिको आस्था र गरिमा पनि घट्दो अवस्थामा रहेको छ । सदियौंदेखि स्थापित परम्परा, निश्चित समयतालिका र धार्मिक मर्यादाभित्र दर्शन गर्ने परम्परा रहँदै आए पनि जानकी मन्दिरको गरिमा खस्कँदा श्रद्धालु भक्तजनहरुले समेत विरोध गर्न थालेका छन् । मन्दिरको धार्मिक महत्व र आस्थाको केन्द्रलाई बेवास्ता गरी आफ्नो स्वार्थ सिद्ध गर्नका लागि राजनीतिक र सत्तामा पहुँच बनाउने आधारको रुपमा मन्दिरको दुरुपयोग गरेपछि अहिले सो कार्यको व्यापक विरोध हुने गरेको छ । धार्मिक आस्थाको केन्द्र मानिएको जानकी मन्दिरको नाममा राजनीतिक पहुँच र प्रशासनिक शक्तिको आर्जनका लागि मन्दिरलाई प्रयोग गर्दै आएपछि धार्मिक महत्व र भगवान प्रतिको आस्थामाथि पनि प्रहार भएको छ । मन्दिरका महन्त र पुजारीले भगवानमाथि आस्था, भाव र समर्पण हुनुपर्ने हो । तर उनीहरु मन्दिर र भगवानभन्दा बढी राजनीतिक दल, नेता र सरकार केन्द्रित भएपछि जानकी मन्दिर र महन्तसमेत विवादित हुँदै आएको छ । मन्दिरको आडमा राजनीति गर्नुभन्दा प्रत्यक्ष रुपमा नै नेतागिरी गर्दा नै बेस हुने थियो । तर दुर्भाग्यवश मन्दिर र भगवानमाथिको श्रद्धामाथि प्रहार हुने गरी भगवानको नाममा राजनीति भूमिका खोज्ने प्रवृत्ति बढेपछि धार्मिक महत्व पनि घट्दै गएको छ । मन्दिर र भगवान पनि धनी गरिब र राजनीतिक दल नजिकका हुन थालेपछि राजनीतिक दलको भागवण्डा अनुसार नेताहरुले पनि समयसमयमा चढौना चढाउने र सभा सेमिनारदेखि चुनावको समयमा मन्दिरको दानपेटिकाबाट चन्दा उठाउने प्रवृत्ति पनि मौलाउँदै गएको छ । जसको कारणले गर्दा मन्दिर र महन्त एटिएमको काम पनि समयसमयमा गर्ने गरेको आरोपहरु सार्वजनिक भइरहेको हुन्छ । भने सो वापत महन्त र पुजारीले सत्ताबाट लाभ पाउने गर्छ । त्यसैले मन्दिरको महन्त र पुजारीको आडमा भन्दा पनि खुलारुपमा राजनीतिक गरी आ-आफ्नो इमान धर्म जोगाउनु नै बेस हो ।

# नेपाल राष्ट्र बैंकको स्वायत्तता कि राजनीतिक छाया ?



● रमेश कुमार बोहोरा

काठमाडौं । कानुनी संरचनाको दृष्टिले हेर्दा नेपाल राष्ट्र बैंक आज पनि स्वायत्त निकायकै रूपमा परिभाषित छ । तर व्यवस्थाको व्यवहारिक धरातलमा उभिएर हेर्दा राष्ट्र बैंक अझै पनि सरकारको राजनीतिक छायाबाट मुक्त हुन सकेको छैन । करिब सात दशकअघि स्थापना भएको यस संस्थाले आजसम्म आइपुग्दा मौद्रिक नीति निर्माण, बैंक तथा वित्तीय संस्थाको नियमन, विदेशी विनिमय व्यवस्थापन, भुक्तानी प्रणालीको विस्तार र वित्तीय स्थायित्वको संरक्षण जस्ता अत्यन्त संवेदनशील दायित्व सम्हाल्दै आएको छ । यति गम्भीर र दीर्घकालीन प्रभाव पार्ने जिम्मेवारी बोकेको संस्थाको निर्णय प्रक्रियामा राजनीतिक हस्तक्षेपको आशङ्का सधैं रहिरहनु आफैंमा नेपालको आर्थिक शासन प्रणालीको ठूलो कमजोरी हो ।

मुलुकको समग्र आर्थिक नीति दुईवटा मुख्य आधारस्तम्भमा अडिएको हुन्छ । पहिलो, सरकारद्वारा सञ्चालन गरिने वित्त नीति र दोस्रो, केन्द्रीय बैंकद्वारा सञ्चालन गरिने मौद्रिक नीति । यी दुई नीतिबीच सन्तुलित र व्यावसायिक समन्वय हुन सकेमा मात्र दीर्घकालीन आर्थिक स्थायित्व सम्भव हुन्छ । यही कारण विश्वभर केन्द्रीय बैंकलाई सरकारबाट संस्थागत रूपमा अलग र स्वतन्त्र राख्ने अभ्यास विकसित भएको हो । नेपालमा भने व्यवहार उल्टो देखिन्छ । मौद्रिक नीतिका निर्णयहरूमा पटक-पटक राजनीतिक अपेक्षा, लोकप्रियतामुखी दबाब र अल्पकालीन सत्ताकेन्द्रित सोच हाबी हुने गरेको आरोप स्वयं राष्ट्र बैंकभित्रकै पूर्व तथा वर्तमान अधिकारीहरूले सार्वजनिक रूपमा उठाउँदै आएका छन् ।

समस्या के हो भने राष्ट्र बैंक र सरकारबीचको सम्बन्ध सधैँ व्यावसायिक सहकार्यमा सीमित रहनुपर्ने ठाउँमा राजनीतिक निकटता र शक्ति सन्तुलनको खेलमा रूपान्तरण हुँदै आएको छ । वित्त नीति सञ्चालन गर्ने अर्थ मन्त्रालय र मौद्रिक नीति सञ्चालन गर्ने राष्ट्र बैंकबीचको सम्बन्ध समय-समयमा खुलेआम तनावग्रस्त बनेको छ । यसैको प्रत्यक्ष उदाहरणका रूपमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्मा र तत्कालीन गभर्नर महाप्रसाद अधिकारी बीच विकसित भएको टकरावलाई लिन सकिन्छ । नीति, अधिकार क्षेत्र र निर्णय प्रक्रियालाई लिएर सुरु भएको त्यो द्वन्द्व अन्ततः व्यक्तिगत र राजनीतिक आरोप प्रत्यारोपमा रूपान्तरण भयो । सरकारकै प्रस्तावमा गभर्नरलाई पदबाट हटाउने निर्णयसम्म पुग्नु र त्यसविरुद्ध न्यायिक प्रक्रियामा जानु नेपाली केन्द्रीय बैंकको संस्थागत मर्यादामाथि गम्भीर प्रश्न खडा गर्ने घटनाक्रम थियो ।

गभर्नर अधिकारीले सर्वोच्च अदालत बाट अन्तरिम आदेश पाएपछि आफ्नो कार्यकाल पूरा गर्न पाए । तर त्यस अवधिमा राष्ट्र बैंक र अर्थ मन्त्रालयबीचको सम्बन्ध सामान्य बन्न सकेन । दुवै निकायबीच सहकार्यभन्दा बढी अविश्वास र शक्ति प्रदर्शनको वातावरण निर्माण भयो । त्यही कालखण्डमा अर्थतन्त्र दबाबमा थियो । तर संकट व्यवस्थापनका लागि आवश्यक नीतिगत समन्वय, सूचना आदान-प्रदान र संयुक्त रणनीति विकास हुन सकेन । परिणामस्वरूप, कर्जा विस्तार, ब्याजदर संरचना, वित्तीय अनुशासन र लगानी वातावरण सुधारजस्ता विषयहरू प्रभावकारी रूपमा अघि बढ्न सकेनन् । आज पनि अर्थतन्त्र अपेक्षाअनुसार चलायमान नहुनुको कारणका रूपमा त्यो समयमा देखिएको नीतिगत असन्तुलनलाई गम्भीर रूपमा लिइन्छ ।

यही पृष्ठभूमिमा सरकारले राष्ट्र बैंकलाई थप स्वायत्त, सक्षम र नियामकीय रूपमा शक्तिशाली बनाउने दाबी गर्दै राष्ट्र बैंक ऐन, २०५८ संशोधनको प्रक्रिया अघि बढाएको छ । विधेयकमा सञ्चालक समितिको संरचना, नियमन तथा सुपरिभिजन अधिकार, वित्तीय संकट व्यवस्थापन, डिजिटल बैंक तथा डिजिटल मुद्राको कानुनी आधार, जगेडा कोषको संरचना र वित्तीय विकास कोषको अवधारणासमेत समेटिएको छ । कागजमा हेर्दा यी सबै प्रावधानहरू राष्ट्र बैंकको संस्थागत क्षमता विस्तारतर्फ उन्मुख देखिन्छन् । तर भूमिकामाथि प्रश्न उठाएको तथ्य स्वयं सार्वजनिक बहसमा आइसकेको छ । कानुनले सञ्चालक फरक-फरक क्षेत्रमा ख्याति कमाएका, ज्ञान र अनुभव भएका स्वतन्त्र व्यक्ति हुनुपर्ने व्यवस्था गरे पनि व्यवहारमा यो प्रावधान कार्यान्वयन हुन सकेको छैन । राजनीतिक पहुँच भएका व्यक्तिलाई 'विज्ञ' को लेबल टाँसेर नियुक्त गर्ने परिपाटी नै संस्थागत समस्याको मूल जरो बनेको छ । यही कारण ऐन संशोधन गरेर मात्र राष्ट्र बैंक स्वायत्त बन्छ भन्ने निष्कर्ष निकाल्नु आत्मसन्तुष्टिमात्र हुनेछ ।

प्रस्तावित विधेयकमा राष्ट्र बैंकले साधारण जगेडा कोष स्थापना गरी नोक्सानी व्यहोर्न तथा पुँजी वृद्धि गर्न सक्ने व्यवस्था गरिएको छ । विदेशी मुद्रा, सुन तथा वित्तीय उपकरणको पुनर्मूल्यांकनबाट हुने नाफा वा नोक्सानीका लागि छुट्टै पुनर्मूल्यांकन जगेडा कोष स्थापना गर्ने प्रावधान पनि समेटिएको छ । साथै कुल मौद्रिक दायित्वको पाँच प्रतिशत नबढ्ने गरी वित्तीय विकास कोष स्थापना गर्ने व्यवस्था राखिएको छ । यी प्रावधानहरू प्राविधिक रूपमा महत्वपूर्ण भए पनि तीभन्दा अझ गहिरो प्रश्न राष्ट्र बैंकले ती स्रोत र




अधिकार प्रयोग गर्दा कसरी स्वतन्त्र निर्णय गर्न सक्छ भन्ने हो ।

डिजिटल बैंक, डिजिटल मुद्रा र वित्तीय होल्डिङ कम्पनीलाई ऐनमै परिभाषित गर्ने सरकारको प्रस्तावले नेपालमा वित्तीय प्रणालीको रूपान्तरणतर्फको संकेत दिन्छ । तर डिजिटल वित्तीय प्रणाली अत्यन्तै उच्च जोखिम र संवेदनशील प्रविधिसँग जोडिएको विषय हो । यस्ता क्षेत्रमा नियामकको निर्णय कुनै राजनीतिक दबाब वा व्यावसायिक स्वार्थबाट प्रभावित भयो भने त्यसको असर सम्पूर्ण वित्तीय प्रणालीमा पर्न सक्छ । त्यसैले डिजिटल वित्तसम्बन्धी नीतिगत निर्णयमा राष्ट्र बैंकको व्यावसायिक स्वतन्त्रता झनै अनिवार्य बन्छ ।

विधेयकले राष्ट्र बैंकलाई समष्टिगत विवेकशील नियामकका रूपमा काम गर्ने, समस्याग्रस्त बैंक तथा वित्तीय संस्थालाई नियन्त्रणमा लिने, आवश्यक परे 'रिजोलुसन' गर्ने अधिकार दिने प्रस्ताव गरेको छ । व्यवहारमा भने यस्ता निर्णयहरू अत्यन्त राजनीतिक संवेदनशील हुन्छन् । कुनै ठूलो बैंक वा वित्तीय संस्थामाथि कारबाही गर्दा शक्तिशाली व्यवसायिक समूह, राजनीतिक नेतृत्व र सरकारी निकायहरूको दबाब स्वाभाविक रूपमा सिर्जना हुन्छ । यस्तो अवस्थामा गभर्नर र सञ्चालक समिति राजनीतिक रूपमा असुरक्षित भए भने नियामक साहस देखाउन सक्ने अवस्था रहँदैन ।

राष्ट्र बैंकको प्रमुख उद्देश्य मूल्यवृद्धि नियन्त्रण गर्नु हो । तर लोकप्रियता खोज्ने राजनीतिक नेतृत्वका लागि सस्तो कर्जा, ब्याजदरमा कृत्रिम हस्तक्षेप र अल्पकालीन विस्तारवादी नीतिहरू आकर्षक देखिन्छन् । सरकारको यस्तो दबाबलाई राष्ट्र बैंकले अस्वीकार गर्न सक्ने हैसियत राख्नुपर्छ । नत्र मुद्रास्फीति, मुद्रा अवमूल्यन, वित्तीय असन्तुलन र दीर्घकालीन संकटको जोखिम बढ्छ । नेपालको सन्दर्भमा विगतमा भएका कर्जा विस्तारका लहर, रियल इस्टेट तथा सेयर बजारमा देखिएको अस्वाभाविक उछाल र त्यसपछिको सङ्कुचन यही कमजोरीको प्रतिफलका रूपमा बुझ्न सकिन्छ ।

राष्ट्र बैंक सरकारको आदेश पालना गर्ने मात्र प्राविधिक निकाय होइन । यो मुलुकको आर्थिक स्वास्थ्यको निगरानी गर्ने, सरकारलाई नीतिगत सल्लाह दिने र आवश्यक परे अलोकप्रिय तर आवश्यक निर्णय गर्न सक्ने संस्थागत हैसियतमा रहनुपर्छ । सरकार गलत दिशामा जान खोज्दा त्यसलाई तथ्य, विश्लेषण र जोखिमको आधारमा सचेत गराउने नै केन्द्रीय बैंकको जिम्मेवारी हो । तर नियुक्ति प्रक्रियाबाटै ऋणी बनेका गभर्नर र सञ्चालकले यस्तो भूमिका निर्वाह गर्न सक्ने अपेक्षा व्यवहारिक हुँदैन ।

यही कारण राष्ट्र बैंकको स्वायत्तता केवल कानुनी शब्दमा सीमित हुनु हुँदैन । नियुक्ति प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यून गर्ने स्पष्ट मापदण्ड, खुला प्रतिस्पर्धामार्फत योग्य व्यक्तिको छनोट, स्वतन्त्र सिफारिस समिति र संसदीय सुनुवाइजस्ता संरचनात्मक सुधार अपरिहार्य देखिन्छन् । नियुक्ति पश्चात् गभर्नर तथा सञ्चालकलाई नीतिगत निर्णयका कारण पदमुक्त गर्ने वा दबाब सिर्जना गर्ने सम्भावना बन्द गर्न कानुनी सुरक्षा पनि आवश्यक हुन्छ ।

नेपालको आर्थिक संरचना अझै पनि बाह्य निर्भरता, कमजोर उत्पादन आधार, सीमित रोजगारी सिर्जना र वित्तीय क्षेत्रको असन्तुलित विस्तारको चक्रमा अल्झिएको छ । यस्तो अवस्थामा मौद्रिक नीतिको स्थिरता र नियामक संस्थाको विश्वसनीयता नै अर्थतन्त्रको अन्तिम भरोसा बन्ने गर्छ । राष्ट्र बैंकमाथि आम नागरिक, लगानीकर्ता र अन्तर्राष्ट्रिय साझेदारको विश्वास कमजोर भयो भने त्यसको असर पूँजी प्रवाहदेखि मुद्रा स्थायित्वसम्म फैलिन सक्छ ।

यसैले राष्ट्र बैंकलाई स्वायत्त बनाउने बहस कुनै प्रशासनिक सुधारको सामान्य विषय होइन । यो मुलुकको आर्थिक शासन, लोकतान्त्रिक उत्तरदायित्व र संस्थागत परिपक्वताको परीक्षा हो । ऐन संशोधनले नयाँ अधिकार र संरचना त दिन सक्छ । तर व्यवहारमा राजनीतिक हस्तक्षेप, नियुक्तिमा पहुँचको राजनीति र नीतिगत निर्णयमा दबाबको संस्कृति अन्त्य हुन सकेन भने राष्ट्र बैंक फेरि पनि कानुनी रूपमा मात्र स्वायत्त रहनेछ ।

आजको सन्दर्भमा राष्ट्र बैंकलाई चाहिएको स्वतन्त्रता सरकारसँग टकराव गर्न होइन, मुलुकको दीर्घकालीन हित सुरक्षित गर्न हो । गभर्नर र सञ्चालकले सरकारका लागि होइन, नागरिक र अर्थतन्त्रका लागि उत्तरदायी हुने संस्थागत संस्कृति विकास गर्न सकिएन भने 'स्वायत्त केन्द्रीय बैंक' केवल भाषण र प्रतिवेदनमा सीमित शब्दमै सीमित रहनेछ । त्यसैले राष्ट्र बैंकलाई साँच्चिकै स्वायत्त बनाउने निर्णायक आधार ऐनका धाराभन्दा बढी नियुक्ति प्रक्रियामा देखिने राजनीतिक संयम, पारदर्शिता र योग्यता केन्द्रित सोचमै निर्भर छ । यही परिवर्तनबिना राष्ट्र बैंकको हैसियत सरकारको आर्थिक सल्लाहकारभन्दा बढी सत्ता व्यवस्थाको एउटा औजारमै सीमित रहने जोखिम अझै कायम रहनेछ । (लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक हुनुहुन्छ)

# जनताले कसलाई सुम्पेलान् प्रधानमन्त्रीको कुर्सी ?



● रिसव गौतम

अर्को हप्ता नेपालमा चुनाब हुँदैछ । अब कसले, कुन दलले चुनाव जित्ला ? कसले कति सिट ल्याउला ? भावी प्रधामन्त्री को होला भन्ने जस्ता कुरामा आम चासो छ ।

संघारमै आएको चुनाबमा धेरैले फलानो पार्टी वा फलानो उमेदवारलाई भोट हाल्नुपर्ला भनेर एक किसिमको आत्मनिर्णय गरि सके। यसबीच दल र तीनका उमेदवारहरु जनताको घरआँगमा गएर भोट मागेको माग्यै छन् । कोहीले चटक देखाए, कोहीले भोट माग्दै साखिली पल्टेर न्यायो अँगालो हाले । कोहीले आशाका पोकापुन्तुरा फुकाए । कोही रिर्टायड हुँ भन्दै, कोही बिजुली बालैं भन्दै, कोही अमेरिका छोडेर आएँ भन्दै, कोही विदेशी डिग्री लिएर आएँ भन्दै त, कोहीरैथाने हुँ भन्दै चुनाबमा भोट मागिरहे । तर राजनीति उच्चस्तरको समाजसेवा हो । म देशबाट लिन होइन् देशलाई दिन आएको हुँ धेरैलेभनेनन् । बरु देशलाई सिंगापुर, स्वीजरल्याण्ड हुँदै इन्डोनेशियाको बाली बनाउने कुरा गरे ।

यो देशलाई अरु देश जस्तो किन बनाउनु र ? नेपाल ऋषिमुनीहरुले तपस्या गरेको हिमालै हिमाल र गगनचुम्बी धार्मिक पहाड-पहाडको र बुद्ध जस्तो विश्वलाइ पाठ पढाउने ज्ञानका देव जन्मेको देश हो । यो देश अरु भन्दा भिन्न हो र यसको महत्व महाकवी लक्ष्मिप्रसाद देबकोटाले भने जस्तो विशाल छ । यसको मौलिकता र प्राकृतिक चित्र विकसित भनिएका डलरपती देशहरुको भन्दा कहाँ हो कहाँ धेरै आर्कषक छ । ल अमेरिका र युरोपले बनाओस् त हाम्रो जस्तो सगरमाथा ? बनाओस् त बुद्धभुमी अर्थात लुबिम्नी ? त्यो सकिने कुरा हो र ? त्यसकारण आफनै मौलिकता र प्राकृतिक सम्पदा हाम्रो आस्था र हामी बाच्ने जिजिबिशा हुन् । त्यसलाई अबमुल्यन गर्नु वा बहकिनु जायज छैनन् ।

अर्को, राष्ट्रिय तथ्याकं कार्यालयको अनुसार देशमा २१ प्रतिशत अर्थात ६२ लाख ६६ हजार निरपेक्ष गरिव जनता छन् । देशमा साक्षरता दर नै जम्मा ७६ प्रतिशत छ । साक्षरता भनेको साधारण लेखपढ गर्नसक्ने मात्रै हुन् । विषयवस्तु बुझ्ने र अर्काको बहाकाउमा नपर्ने हुनका लागि शिक्षत हुनुपर्छ । विश्वविद्यालय पढेको हुनुपर्छ । नेपालमा शिक्षित जनसंख्या धेरै कम छ । फलस्वरुप गरिव तथा अशिक्षित जनसंख्याको बाहुल्यता भएको देशमा चलाख एवं धुर्त उमेदवारहरु निर्वाचनमा हाबी हुन्छन् । विगतमा भएको त्यहि हो ।सहि उमेदवारले चुनाब नजित्दा धुर्त, अवसरबादी र पैसाको बलमा चुनाब जित्नेहरु धेरै थिए । यसपाली त्यो नहोस् । जनताले वास्तविक राजनीतिज्ञ अर्थात समाजसेवालाई कर्म बनाएर उदाएका ब्यक्ति चिन्न सकुन् । पैसाको बलमा राजनीतिमा उदाएका र पैसाकै बलमा चुनाब जितेर मन्त्री, सासंद हुन चाहेका अवसरबादीहरुलाई चिन्न जरुरी छ ।

**प्रधानमन्त्री :बालेन, गगन कि प्रचण्ड ?**

चुनाबी मैदानमा अहिले खासगरी काँग्रेस, एमाले, नेकपा र रास्वपा गरी ४ पार्टीको देशब्यापी चर्चा छ ।त्यसबाहेक राप्रपा, उज्यालो नेपाल, श्रमसँस्कृति, जनमत र जसपा लगायतका पार्टीहरु चुनाबी मैदानमा छन् । एकाथरी परम्परागत बुद्धिजिवीहरुले प्रधानमन्त्रीमा बालेन, गगन वा केपिको बढी चर्चा गरेका छन् । खासगरी तिनका पार्टीहरुले तिनलाई प्रधानमन्त्री तोकरै चुनाबी मैदानमा गएकाले त्यस्तो चर्चा छ । तर संसदीय ब्यवस्थामा चुनाबको परिणामले सरकार बनाउने अधिकार पाउनेछ । त्यसकारण अबको निर्वाचनबाट नतोकिएकाहरु पनि प्रधानमन्त्री हुनसक्छन् ।

जस्तो कि अहिले प्रधानमन्त्रीमा रास्वपाबाट बालेनको जो चर्चा छ । उनी ३ बर्ष काठमाण्डौ महानगरपालिकाको मेयर भएर काम गर्दा दाग नलागेका पात्र हुन् । काठमाण्डौ महानगरमा केहि देखिने काम गरेका कारण उनी चर्चामा छन् । जस्तो कि उनले सार्वजनिक सम्पति हडपेर बनाइएका घर, टहराहरु निडरतापुर्बक भत्काए र राज्यको संपत्तिको संरक्षण गरे । फुटपाथ ब्यवस्थापन, ब्यवस्थीत सडकपेटी निर्माण, नीजि स्कुलहरुमा १० प्रतिशत निशुल्क छात्रवृत्ति तथा हस्पिटलहरुमा निशुल्क उपचार जस्ता ब्यवस्था मिलाए । उनले महानगरबासीको लागि धेरै गरे । तर राष्ट्रब्यापी रुपमा महानगरमा आएर बस्ने र सडकपेटीमा मैकै पोल्ने, साँझपख कपडाको ब्यापार गर्नेहरुलाई धपाए ।र, महल तथा सडरमा ब्यवसाय गर्नसक्ने धनीहरुलाई सघाए । उनले सोचेनन् काठमाण्डौ महानगरपालिकामा ७७ वटै जिल्लाका मानिस बस्छन् र त्यहाँ तिनको पनि हक लाग्छ भन्ने । मात्र उनले काठमाण्डौ महानगरका भोटरहरुको मात्रै हकहितमा काम गरे । सडकमा ब्यापार गर्नेहरुको आँखामा आँशुको भेल बगेको उनले देखेनन् । फलस्वरुप धेरैले काठमाण्डौ बस्न नसकिने रहेछ भनेर शहर छोडे । मान्छेहरु दुख परेपछि शहर पस्छन् र सडकपेटीबाटै पौरख गरेर देखाउँछन् भन्छन् । त्यो यहाँमात्र होइन् संसारभरका कवि, साहित्यकारका कथनी हुन् । तर बालेनको चस्माले दुखियाहरुको दुख कहाँ देख्थ्यो र ? त्यतिमात्र कहाँ, उनले त खोला किनारमा टिनका छाप्रा हालेर बर्षौदेखि बसिरहेका सुकुम्बासीहरुको बस्तीमा मध्यरातमा डोजर चलाए । उनको अभिष्ट सार्वजनिक जग्गा फर्काउनु थियो । विडम्बना त्यहाँ उनको मानवता मर्यो । काठमाण्डौमा सुकुम्बासी र गरिवहरुलाई लखेटेका बालेन शाहहरु अहिले भोट बैंक देखर तराइ झरेका छन् र भनिरहेका छन् कि हम मधेशीछि, मधेशका आदमी प्रधानमन्त्री हुनेवाला छि । भोट दिनुस् ।

मानिस चरा भन्दा स्वतन्त्रताको दौडमा रहेको आधुनिक लोकतन्त्रको यो जमानामा सार्वजनिक बहस समेत नर्काने ब्यक्ति हुन् बालेन । उनी निस्कलंक छन् । तर हामीलाई चाहिएको प्रधामन्त्री निश्कंलक तर निरंकुश होइन् । बालेन त मेयर हुँदा पत्रकारहरुसँग पनि भेटदैनथे । उनी प्रश्नसँग सधै डराउथैं । तुच्क्ष गाली, छाडा बोल्न खप्पिस उनी सिमित पत्रकार तथा युटुबरहरुमा घेरामा थिए । कम उमेर, न्युन अनुभव र ब्यवहारिक कमजोरीका कारण उनी अहिल्यै प्रधानमन्त्री बन्न योग्य छैनन् । तर उनी भविष्यका उदयीमान नेता हुन् । किनकी आगामी बर्षहरुले उनलाई अनुभवको पहाड दिलाइदिन सक्छ । अहिले चाँही प्रधानमन्त्रीको रुपमा आम देशबासीको आँशु, हाँसो र सपनामा परिपक्क ब्यवहार उनीबाट हुनसक्दैन । फेरी प्रधानमन्त्री पद भनेको मेयर पद जस्तो होइन् जुन पदमा बसेर विश्व समुदायसँग प्रत्यक्ष संवाद जरुरी हुन्छ । कुटनीति दर्शाउनु पर्छ । त्यो उनीबाट अहिल्यै सम्भव छैन ।फेरी उनको पार्टी रास्वपा र रवी लामिछाने, स्वर्णिम वाग्लेहरु धनीहरुको सेवा गर्ने सिद्धान्तमा अडिग छन् । समाजिक बजार अर्थतन्त्र उनीहरुको आर्थिक प्रणाली भएपनि नेपाली काँग्रेसकै जस्तो उनीहरुको आर्थिक नीति हो । मुलत रास्वपा पुँजीबादी पार्टी हो ।

नेपाली काँग्रेसका नवनिर्वाचित सभापती गगन थापा त भाषणबाज हुन् । उनी सुन्दर र तर्कशील ढंगले बोल्न सक्छन् । विगतमा धेरै बोलेकै कारण देउवा काँग्रेसको मारमा परेर अवसर नपाएका नेता हुन् । शेरबहादुर भन्दा त कहाँ हो कहाँ उनी ठिक छन् । तर, उनी ठिक भएपनि काँग्रेसको नीति ठिक छैन । सिद्धान्त ठिक छैन । उनीहरुको आर्थिक सिद्धान्त पुँजीबादी हो । त्यसकारण देशका धेरैजसो धनी, सम्रान्त, पैसावाल र उद्योगी व्यवसायी त्यो पार्टीमा छन् । किनकी त्यो पार्टीले धनीहरुलाई झन् धनी बनाउन र उनीहरुको धनकोसुरक्षा गर्न अहम भुमिका खेल्छ । तर, वितेको ३५ बर्षमा काँग्रेस पार्टीले गरिव तथा मध्यम आय भएकाहरुलाई धनी बनाउन खोजेन । तर सत्ताको सेरोफरोमा त्यही पार्टी वितेको ३ दशकमा हाबी छ । राजाकै पलामा पनि उही प्यारो थियो ।भनेपछि त्यो पार्टीबाट गरिव तथा सर्वहारा, किसान, मजदुरको पक्षमा बजेट बन्छ त ? विकासका कार्यक्रम बन्छ त ? १५औ आवधिक योजनामा नै १० प्रतिशतमा गरिवी झार्ने लक्ष्य थियो । अहिले १६ चलिरहँदा पनि देशमा अहिले २१ प्रतिशत गरिवी छ । बार्षिक रोजगारी सिर्जना १ प्रतिशत छैन । साराका सारा बेरोजगार छन् । अनि त्यो गरिवी र बेरोजगारी घटाउने नभइ बढाउने काँग्रेसी घोषणपत्र र नीति कार्यक्रमको पछि किन लाग्नुपर्ने ? गगनले सभापती पद शेरबहादुरबाट आफुमा तानेका हुन् पार्टी नीति, सिद्धान्त फेरका होइनन् ।

नेकपाका संयोजक प्रचण्ड सधैभरी घेराबन्दीमा परेका पात्र हुन् । उनलाई भष्टाचार विरुद्ध, शुशासनको पक्षमा काम गर्दागर्दै विचौलियाहरुले मध्येरातमा प्रधानमन्त्रीबाट हटाइएका हुन् । प्रचण्ड, नारायणकाजी लगायतको टीमले पछिल्लो सरकारमा राम्रो गर्दागर्दै हटाइएका हुन् । प्रचण्ड आजपनि क्रान्तिकारी नेता हुन् ।लगाउनेहरुले त उनलाई अनेक लान्छना लगाउँछन् । बानेश्वर देखि माइतीघरसम्मका सबै भवनहरु प्रचण्डका हुन् पनि भनेका हुन् । भएभरका घघडान ब्यापारीहरु प्रचण्डकै गोजीका हुन् भन्दै खुइल्याएका पनि हुन् । अझ विगतमा गगनहरुले प्रचण्डहरुलाई ललकार्दै भन्नेगर्थे टुरिस्ट उमेदवारलाई भोट नदिनुहोस् । तर आज गगनहरु नै काठमाण्डौबाट चुनाब हार्ने डरले तराइ झरेका छन् । प्रचण्ड त रुकुम जस्तो अति गरिव जनताको घरआँगनमा ७० बर्षको उमेरमा भोट माग्न डाँडोपाखो गर्दै छन् । त्यहाँको जनताको मरेको आत्मविश्वास र भरोषा जगाएर बाच्ने जिजिविशा भरेका छन् । अहिलेको अवस्थामा साँच्चिकै क्रान्तिकारी नेता प्रचण्ड नै हुन् । यो संविधानमा लिपिबद्ध संघीयता, समावेशिता, लोकतन्त्र वा गणतन्त्र सबै प्रचण्डहरुले दश बर्ष लडेर ल्याएका हुन् । अल्पसंख्यक, गरिव, निमुखा, किसानको मर्म नबुझनेहरुलाई सायद त्यो कुराले नछोला । तर यो संविधानको मर्म र मुटु प्रचण्डहरु हुन् जसले आफनै जिउज्यान हत्केलामा राखेर ल्याए । प्रचण्डको पार्टी ०६४ मा १२० सिट ल्याएर ठुलो बन्यो । तर त्यो बेलाको काँग्रेस नेतृत्वले उनलाई ६ महिना त सरकार बनाउनै नदिएको इतिहास साक्षी छ । सरकारै बनाउन ६ महिनासम्म नदिएका काँग्रेस-एमालले माओवादीलाई ९ महिना पनि सरकार चलाउन दिएन । त्यत्रो ठुलो पार्टी हुँदा क्रान्तिकारी स्प्रीटमा आएको एउटा बजेटसम्म कार्यान्वय गर्न नदिएको उनलाई केही गरेन भनेर उनै काँग्रेस-एमाले भन्छन् । तर मध्यपहाडी लोकमार्ग, काठमाण्डौ-निजगढ फाष्ट ट्र्याक जस्ता नेपालका १९ ठुला राष्ट्रिय गौरवका आयोजना माओवादी सरकारले नै अघि बढाएको हो । संविधान बनेर यो दश बर्षमा पनि माओवादीले जनताबाट राम्रो अभिमत पाएन । फलस्वरुप सरकारमा छिटपुट रहँदा उसको नेतृत्व कमजोर रहयो । कचिपय कमजोरी उसका पनि थिए । सौदाबाजीमा उ रमायो । प्रचण्डहरुबाट धेरै अवसरबादीहरुले अवसर लुटे । तर ती पर्दा कतै हराए । पार्टीभित्रकै कतिपयहरु अधिक क्रान्तिकारी पल्टेर उनलाई नै खेद्न लागे । वास्तम्बमाक्रान्तिकारी नेता प्रचण्डले आफनो स्प्रिडमा काम गर्न पाएनन् । अहिले उनले २२ वटा कम्युनिष्ट घटक मिलाएर नेकपा बनाएका छन् ।



# स्वास्थ्य स्वयंसेविकामार्फत दिइएको मतदाता शिक्षा प्रभावकारी देखिएको छः

गत भदौ महिनाको अन्तिम साताको जेनजी विद्रोहपछि प्रतिनिधिसभा विघटन भयो र नयाँ सरकार गठन भयो । त्यसलगत्तै नेपाल सरकार र निर्वाचन आयोग प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जुटेका हुन् । वर्तमान सरकारको पहिलो प्राथमिकता नै प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउने भएकाले सरकारलाई यो प्राथमिकता पूरा गर्ने कामका लागि निर्वाचन आयोग पनि प्रमुख सहयोगी बन्यो । प्रतिनिधिसभा विघटन भएको या कार्यकाल सकिएको ६ महिनाभित्रै निर्वाचन सम्पन्न गर्नुपर्ने संवैधानिक व्यवस्था बमोजिम यही फागुन २१ गतेका लागि निर्वाचनको मिति तोकिएको हो । निर्वाचनका अब केही दिनमात्र बाँकी रहँदा नेपाल सरकार र निर्वाचन आयोगले निर्वाचनसम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा भइसकेको र अब मतदान गर्न मात्र बाँकी रहेको बताएका छन् । त्यसैले निर्वाचन आयोगले निर्धक्क र निर्भयका साथ मतदान गरेर आफ्ना प्रतिनिधि चयन गर्न आग्रह गरेको छ । आसन्न निर्वाचनको तयारी र निर्वाचन प्रक्रियाका विषयमा केन्द्रित रहेर राससका समाचार महाशाखा उपप्रमुख एवं निर्वाचन डेस्क प्रमुख एकराज पाठकले निर्वाचन आयुक्त डा जानकी कुमारी तुलाधरसँग गरेको कुराकानीको सम्पादित अंश ।

निर्वाचन आयुक्त

## डा. जानकी कुमारी तुलाधर

**प्रश्नः यही फागुन २१ गते मतदान हुन गइरहेको आसन्न निर्वाचनका अब केही दिनमात्र बाकी छन् । निर्वाचनको तयारी कहा पुग्यो र के कसरी काम भइरहेको छ ?**

हेर्नुस्, यहाँले मलाई यो प्रश्न गर्नुभन्दा १० मिनेटमात्र अघि सबै जिल्लामा मतपत्र पुगिसके भनेर हाम्रो 'सिस्टम'ले मलाई फोन गरेको थियो । यो समाचारसँगै निर्वाचनको तयारी कहाँ पुग्यो या के कति काम भयो भन्ने कुरा स्पष्ट हुन्छ भन्ने मलाई लाग्छ । मतदान अधिकृतसहित सबै कर्मचारी पनि भर्खरै तालिम सकेर अब कार्यस्थलतर्फ लाग्न थालेको अवस्था छ । एक/दुई दिनमै उहाँहरु सबैजना आ-आफ्ना कार्यस्थलमा पुगिसक्नुहुनेछ । वर्तमान सरकारको पहिलो प्राथमिकता निर्वाचन थियो र निर्वाचन आयोगले पनि त्यही रफ्तारमा काम गरेको छ । त्यसैले आज यो अवस्थामा पुग्न सम्भव भएको हो भनेर यहाँले र सबै मुलुकबासीले बुझ्नुभएकै छ । यसरी निर्वाचनको तयारी हामीले युद्धस्तरमा नै गर्यौं । अब मलाई लाग्छ २१ गते मतदानका लागि आवश्यक पर्ने प्रक्रियागत काममात्र बाँकी छ, अरु सबै काम सकिइसक्यो । सुरक्षा होस् या अरु कुनै पनि हिसाबले निर्वाचनका कुनै काम अब बाँकी छैनन् । निर्वाचन आयोगमार्फत सुरक्षादेखि आवश्यक पर्ने राज्यका अन्य स्रोतसाधन पनि निर्वाचन प्रयोजनका लागि परिचालित भइसकेको अवस्था छ ।

**प्रश्नः भदौ अन्तिम साताको जेनजी विद्रोह अर्थात् आन्दोलनपछि मुलुक निकै आक्रान्त अवस्थामा थियो । त्यो समयको स्मरण गर्दा ६ महिनामै निर्वाचन सम्भव होला जस्तो थिएन । राजनीतिक दलहरू पनि तयार थिएनन् । मुलुकलाई आजको अवस्थासम्म ल्याउन र समयमै निर्वाचन गर्न कसरी सम्भव भयो ?**

हो, यहाँले भन्नुभएजस्तै त्यस बेलाको समयको स्मरण गर्ने हो भने त ६ महिनाभित्रै निर्वाचन सम्भव हुने जस्तो पनि थिएन । देशका प्रशासनिकदेखि लिएर सर्वोच्च अदालत जस्तो संवेदनशील निकाय र अङ्गहरुमै आगो लागेको थियो । अर्कातर्फ त्यस समयमा चुनावको कुरा गर्दा पनि चुनावमा सहभागी हुन कोही तयार थिएनन्, नत राजनीतिक दलहरु नै चुनावमा जान मानेको अवस्था थियो । त्यस बेलाको अवस्था हेर्दा राज्य कानुन विहीनताको अवस्थामा पुगेको थियो । जतातत्तै डर त्रास र एक प्रकारले भन्ने हो भने देशमा अराजकता मच्चिएको अवस्था थियो । त्यस समय एक हिसाबले मुलुकमा सन्नाटा छाएको अवस्थामा पनि हामीले त निर्वाचन गराउनु नै पर्ने थियो किनभने सरकारले फागुन २१ गतेका लागि निर्वाचनको मिति घोषणा गरिसकेको थियो ।

त्यसपछि हामीले संवाद थाल्यौं, राजनीतिक दलदेखि लिएर सबै सरोकारवालासँग बस्यौं, उहाँहरुका कुरा सुन्यौं र विगतमा जेजस्तो भएको भएपनि अब निर्वाचनमा जानुपर्छ र प्रजातान्त्रिक तवरबाट संविधानको पुनर्वहालीका लागि लाग्नुपर्छ भनेर सबैलाई तयार पार्ने काम गर्यौं । सरकार, राजनीतिक दलहरुलाई एकै ठाउँमा राख्यौं र निरन्तर रूपमा संवाद पनि गरायौं । जो निर्वाचनमा सहभागी हुने दलहरु छन् उहाँहरुकै उपस्थिति र सहमतिमा नै निर्वाचनको वातावरण बनाउनेतर्फ हामी लाग्यौं । जब सरकार, सुरक्षा निकाय, निर्वाचन आयोगसँग राजनीतिक दलका नेता निरन्तर वार्ता र संवादमा रहनुभयो त्यसपछि एक प्रकारले सकारात्मक वातावरण बन्दै गयो । त्यसपछि चुनावका लागि तयारी गर्दै जाने अवस्था पनि विस्तारै बन्दै गयो ।

अर्को कुरा हामीसँग विगतमा रहेका सामग्री जस्तै मतपेटिकादेखि लिएर अन्य पति कतिपय आवश्यक सामग्रीहरु पनि रहेकाले अहिले छोटै समयमा चुनावको तयारीका लागि सहयोग पनि पुग्यो भन्ने मलाई लाग्दछ । यस हिसाबले हेर्दा निर्वाचन आयोगलाई सरकार, राजनीतिक दलहरु, राज्यका सबै सुरक्षा अङ्गदेखि लिएर सबै सरोकारवाला पक्षको सहयोग भयो । त्यसैले यो निर्वाचन तोकिएकै समयमा अर्थात् छोटो समयमै सम्पन्न गर्न सम्भव पनि भयो ।

**प्रश्नः निर्वाचनका अब धेरै दिन बाकी त छैनन् तर अझै कतै कतै निर्वाचन सर्छ कि भन्नेजस्ता हल्ला पनि सुन्ने गरिएको छ । यस विषयमा यहाको धारणा के छ ?**

यहाँले प्रश्नमै हल्ला भन्नुभएकाले यो हल्ला नै हो । त्यसैले यस्ता हल्लाको पछि लाग्नु पनि हुँदैन । जिल्ला जिल्लामा मतदान केन्द्रमा मतपत्रदेखि लिएर अन्य आवश्यक सामग्री पुगिसकेको तथा मतदान अधिकृतलगायत कर्मचारी पनि 'फिल्ड'मा पुग्न सुरु गरिसकेको अहिलेको अवस्थामा निर्वाचन सर्ने या सार्ने त के यस्ता विषयमा कुरै पनि गर्ने होइन भन्ने मलाई लाग्छ । फागुन २१ गतेको निर्वाचन त्यही मितिमा सम्पन्न नगर्ने छुट अब निर्वाचन आयोग, सरकार या कसैलाई पनि छैन । संविधानले नै संसद् विघटन भएको छ महिनाभित्र चुनाव गर्नुपर्ने व्यवस्था गरेकाले सरकार, निर्वाचन आयोग या कोही पनि यो चुनावबाट भाग्ने या पन्छिने भन्ने कुरा पनि आउँदैन । छ महिना अघिको त्यस्तो अवस्थाबाट आजको निर्वाचनको अवस्थासम्म ल्याउन निर्वाचन आयोगले कति सङ्घर्ष गर्यो होला, कति मेहनत गर्यो होला भनेर यहाँ सबैकुरा मैले भनिरहनु पर्दैन, सबै जानकार नै हुनुहुन्छ । त्यसैले पनि सबैले यो निर्वाचनको महत्वलाई बुझ्नुपर्छ भन्ने मलाई लाग्दछ । सुरक्षाको कुरा गर्दा सबै खाले परिस्थिति काबुमै रहेको कुरा सरकारले बताइरहेकै छ । हिजोमात्र पनि हाम्रो उच्चस्तरीय सुरक्षा समितिको बैठक बसेको थियो र सुरक्षाका हिसाबले त्यस्तो कुनै पनि चुनौती नरहेको उहाँहरुले हामीलाई पनि आस्वस्त पार्नुभएको छ । उता मतदानको प्रक्रियाका कुरा गर्दा अब मतदानका लागि आवश्यक प्रक्रियागत काम मात्र अब बाँकी रहेको अवस्था छ । त्यसैले यस्तो अवस्थामा चुनाव नहुने भन्ने आशङ्का या भय कसैले पनि पाल्नुहुँदैन । त्यस्ता निराधार हल्लाको पछि कोही लाग्नु पनि हुँदैन ।

**प्रश्नः निर्वाचनका बेलामा मतदाता शिक्षा पनि एक महत्वपूर्ण कार्य हो । यस पटकको निर्वाचनका लागि आयोगले मतदाता शिक्षा कसरी प्रदान गरिरहेको छ ?**

नेपालको संविधान, निर्वाचनसम्बन्धी प्रचलित कानुन, मतदाता शिक्षा नीति, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ बमोजिम निर्वाचन आयोगले मतदाता शिक्षा तथा निर्वाचन प्रचार-प्रसार गर्ने उद्देश्यले 'मतदाता शिक्षा विशेष कार्यक्रम' तयार गरेको छ । सोही बमोजिम आसन्न निर्वाचनका लागि फागुन ३ देखि १७ गतेसम्म देशभरका छ हजार ७४३ वडामा स्वयंसेवकमार्फत आयोगले मतदाता शिक्षा प्रदान गरिरहेको छ । आयोगले मतदाता शिक्षा स्वयंसेवकमा स्थानीय तहमा रहेका महिला स्वास्थ्य स्वंयसेविकाहरूलाई प्राथमिकता दिएर परिचालन पनि गरेको छ । उहाँहरूले मतदाताको घर दैलोमा पुगेर मतदाता शिक्षा प्रदान पनि गरिरहनुभएको छ ।

**प्रश्नः मतदाता शिक्षाका लागि महिला स्वास्थ्य स्वंयसेविकाहरूलाई प्राथमिकता दिएर परिचालन गर्ने यस्तो अवधारणा कसरी बन्न पुग्यो ?**

हरेक निर्वाचनमा मतदातालाई सुसूचित गर्ने र जानकार बनाउनेकार्य निकै पेचिलो हुने गरेको छ । मतदाताको घरदैलोमा पुग्न सक्ने र आमनागरिकबीच भिजेका इमान्दार स्वंयसेवकहरू पहिचान गर्ने कार्य पनि चुनौतीपूर्ण छ । महिला स्वास्थ्य स्वंयसेविकाले हाम्रो ग्रामीण क्षेत्रमा जनस्वास्थ्यका क्षेत्रमा सरकारका कार्यक्रमलाई सहयोग पुर्याएर स्वास्थ्य सेवालाई सफल बनाउन मद्दत पुगेको छ । यस क्षेत्रमा उहाँको योगदान निकै ठूलो छ । उहाँहरू आफ्नो कार्यक्षेत्र रहेको गाउँवस्तीमा घरघर पुग्न सक्ने व्यक्ति हुनुहुन्छ । त्यसैले मतदाता शिक्षा प्रदान गर्न उहाँहरूलाई विसं २०७९ को आम निर्वाचनदेखि नै जिम्मा दिन थालिएको थियो । यस पटक पनि यस प्रयोजनका लागि उहाँहरुलाई नै जिम्मेवारी दिइएको छ । यसमा मैले व्यक्तिगत तहबाट पनि पहलकदमी लिएको छु । उहाँहरुलाई नै अघि सारौं भन्ने मान्यता या मापदण्ड पनि हामीले नै बनाएका हौं ।

**प्रश्नः उहाहरुले मतदाता शिक्षा प्रदान गर्ने काम अहिले कसरी गरिरहनु भएको छ ?**

मतदाता शिक्षाको उद्देश्य आम मतदातालाई मतदानमा सहभागी हुन प्रेरणा प्रदान गर्नु, निर्वाचन एवं मतदान गर्ने विषयको जानकारी प्रदान गर्नु, निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी रूपमा सम्पन्न गर्नु, सुसूचित मतदाता तयार गर्नु र निर्वाचनमा अर्थपूर्ण जनसहभागिता गराउनु हो । त्यस्तै योग्य मतदाताको मतदानमा सहभागिता अभिवृद्धि गर्दै बदर मत न्यूनीकरण गर्नु, अमूल्य मतको महत्व बुझाउनु र योग्य प्रतिनिधि चयन गर्न सहयोग गर्नु पनि मतदाता शिक्षाको उद्देश्य हो ।

मतदाता शिक्षा स्वयंसेवकले मतदाताको घरदैलो भ्रमण गरेर नमूना मतपत्र देखाएर मतदान सिकाउने कार्य जोडतोडका साथ गरिरहेका छन् । आयोगका अधिकारिक सामाजिक सञ्जाल प्रयोगबारे पनि जानकारी दिइरहेका छन् । आयोगका सामाजिक सञ्जालबाट प्रवाह भइरहेका मतदाता शिक्षासँग सम्बन्धित सामग्री कसरी हेर्ने भन्ने बारेमा पनि जानकारी दिइरहेका छन् । निर्वाचन आचारसंहिता जानकारी गराउने, मतदाताका जिज्ञासाको समाधान गर्ने र दैनिक प्रतिवेदन पेश गर्ने कार्य मतदाता शिक्षा स्वयंसेवकबाट भइरहेको छ । नेपालमा पहिले पहिलेका चुनावको इतिहास हेर्दा पनि बदर मतको सङ्ख्या पनि निर्वाचनको एक चुनौती बन्दै आएको छ । हामीले यो सङ्ख्या घटाउन र न्यून गर्नका लागि विविध कार्यक्रम सञ्चालन गरेका थियौं र त्यसैमध्येको यो मतदाता शिक्षा प्रदान गर्ने पनि एक प्रमुख कार्य हो । यसका माध्यमबाट अघिल्लो निर्वाचनमा पनि बदर मत घटाउने काममा सहयोग पुगेको हो । अहिले पनि मतदान शिक्षा प्रदान गर्ने कामलाई प्राथमिकता राखेरै काम गरेका छौं । मलाई लाग्छ यसले आसन्न निर्वाचनमा पनि बदर मत कम गर्न सहयोग पुग्छ ।

**प्रश्नः निर्वाचन आयोगले यस पटक आचारसंहितामा हरित निर्वाचनको विषय पनि समेटेको छ । यो हरित निर्वाचन भनेको के हो र यसको व्यवस्था किन गरिएको हो ?**

निर्वाचनकार्यबाट वातावरणलाई कम क्षति हुने र वातावरणमैत्री अभ्यासहरू प्रोत्साहित गर्न सकियोस भनेर हरित निर्वाचनको परिकल्पना गरिएको हो । वातावरणमैत्री किसिमबाट निर्वाचन सञ्चालन गर्ने ध्येय पहिले पनि रहेको नै थियो तर यसपाली त्यसलाई नियमले नै बाँध्न खोजिएको छ । विगतमा पनि वातावरण हाम्रो प्राथमिकतामा थियो । तर यो निर्वाचनमा पहिलो पटक आचारसंहितामा नै लेखेर हामीले नियमभित्र पारेका छौं । जतातत्तै प्लास्टिकलाई विस्थापन गरौं भन्ने अभियान भइरहेका बेला हामीले नीतिगत रूपमै यो विषयलाई जोड दिनुपर्छ भन्ने लागेर आयोगले आचार संहितामा हरित निर्वाचन उल्लेख गरेको हो ।

निर्वाचन प्रचारप्रसार, सभा, जुलुस, र्‍याली वा घरदैलो कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गर्नुपर्ने, निर्वाचन प्रचारप्रसार गर्दा डिजिटल प्रचारप्रसारलाई प्राथमिकता दिनुपर्ने, निर्वाचन प्रचारप्रसार, सभा, जुलुस वा र्‍यालीमा ध्वनिप्रदूषण, जलप्रदूषण वा वायुप्रदूषण लगायतका प्रदूषण न्यून गर्ने उपाय अवलम्बन गर्नुपर्ने, निर्वाचन प्रचारप्रसार, सभा, जुलुस वा र्‍याली वा घरदैलो कार्यक्रम गर्दा प्लाष्टिक वा पोलिथिन जस्ता अजैविक सामग्रीको प्रयोग गर्न नहुने, निर्वाचन प्रचारप्रसारका कार्यक्रममा तोकिएको सङ्ख्यामा सवारीसाधन प्रयोग गर्दा इलेक्ट्रिक वा नविकरणीय ऊर्जाबाट सञ्चालन हुने सवारीसाधनलाई प्राथमिकता दिनुपर्ने, सभा, जुलुस, र्‍याली वा घरदैलो जस्ता निर्वाचन प्रचारप्रसारका कार्यक्रम सकिएपश्चात् सम्बन्धित दल तथा उम्मेदवारले प्रयोग गरेका सामग्रीहरू अनिवार्य रूपमा सङ्कलन गरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने व्यवस्था आचारसंहितामा गरिएको छ ।

**प्रश्नः राजनीतिक दल र उम्मेदवारले चुनावी घोषणापत्रको प्रगति प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्ने व्यवस्था पनि आचारसंहितामा समेटिएको छ । यो कस्तो व्यवस्था हो र किन गर्नु परेको हो ?**

प्रतिनिधिसभा सदस्यको चुनावमा भाग लिने राजनीतिक दल र उम्मेदवारले निर्वाचन घोषणापत्र सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ । यो व्यवस्थाअनुसार राजनीतिक दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र सार्वजनिक गरी सोको आधारमा प्रचारप्रसार गर्नुपर्ने हुन्छ । निर्वाचन घोषणापत्र राजनीतिक दलले आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्नुपर्नेछ । राजनीतिक दल वा निर्वाचित उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भए बमोजिमको कार्यप्रगतिको प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नुपर्नेछ ।

आम मतदाता र नागरिकहरूसँग राजनीतिक दल र उम्मेदवारको सम्बन्ध निर्वाचन केन्द्रित हुने गरेको छ । निर्वाचनको मिति घोषणा भएपछि उनीहरू जनताको सेवक भैँ प्रचारप्रसार अभियानमा दलबलसहित सरिक हुन्छन् । जनताको घरदैलो चाहर्छन् । भावनात्मक कुराहरू गर्छन् । कहिल्यै पूरा नहुने आश्वासनका प्रतिबद्धता व्यक्त गर्न तँछाडमछाड गर्छन् । पुरानै बाचालाई नयाँ शब्दमा व्यक्त गरिरहेका हुन्छन् । निर्वाचन सकिएपछि कतिपयले आफूले गरेका वाचा भुल्ने गरेको पाइन्छ । उम्मेदवार र मतदाताको सम्बन्ध आत्मीय र भरोसायुक्त बनाउने भनेको घोषणपत्रमा उल्लेख गरिएका विषयको ' पब्लिक अडिट' गरेर नै हो । राजनीतिक दल र उम्मेदवारले मतदाताको सम्मान गर्ने हो भने अघिल्लो निर्वाचनको घोषणापत्र वा प्रतिज्ञापत्रको कार्यान्वयन अवस्थाबारे स्पष्ट जानकारीसहितको हरेक वर्ष मतदाताको अगाडि प्रस्तु हुनुपर्छ भनेर नै आयोगले यो नयाँ व्यवथा गरेको हो ।

**प्रश्नः अन्त्यमा, अब मतदानको प्रक्रियामात्र बाकी रहेको यहाले बताउनुभयो । आजका दिनमा निर्वाचन आयुक्तको हैसियतले सबै नेपाली नागरिकलाई यहाले के भन्न चाहनुहुन्छ सन्देश दिन चाहनुहुन्छ ?**

आम मतदाता दिदीबहिनी दाजुभाइहरु सबै सार्वभौम अधिकारसम्पन्न हुनुहुन्छ । सबैले आफ्नो मतदानको अधिकारको अधिकतम प्रयोग गरिदिनुहुन मेरो पहिलो अनुरोध छ । हामी सबै मिलेर स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित ढङ्गबाट निर्वाचन सम्पन्न गर्ने हो ।

## देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा पुग्यो निर्वाचन सामग्री

काठमाण्डु । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ वटै क्षेत्रमा निर्वाचन सामग्री पुगेको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीतर्फको गरी चार करोड ११ लाख ५३ हजार मतपत्र ७७ वटै जिल्लाका १६५ वटै निर्वाचन क्षेत्रमा पुगेको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारी अन्तिम चरणमा छ ।

आयोगबाट स्वीकृत कार्य तालिकाअनुसार व्यवस्थापकीय कार्य तालिकाबद्ध र तोकिएको समयमा सञ्चालित छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र छपाइ सम्पन्न भई ७७ वटै जिल्लामा पुगेको छ । केही सामग्री भने जिल्लामै व्यवस्थापन हुनेछ । निर्वाचन अधिकृतको कार्यालयबाट भने मतदान अधिकृतको जिम्मामा सबै सामग्री पठाइने आयोगले जनाएको छ ।

स्वीकृत कार्यक्रमअनुसार मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम यही फागुन ३ गतेदेखि जारी छ । मतदाता शिक्षा फागुन १७ गतेसम्म ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा निरन्तर सञ्चालन हुने जनाइएको छ । निर्वाचन आचारसंहिता अनुगमन एवं परिपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरुले सक्रिय रुपमा कार्यसम्पादन गर्दै आएका छन् ।

यही फागुन ४ गतेदेखि राजनीतिक दलहरुले चुनावको मुख्य प्रचारप्रसारका गतिविधि सुरुवात गरेका छन् ।रासस

## कांग्रेसद्वारा काठमाडौँ उपत्यका विकास प्रतिबद्धतापत्र सार्वजनिक

काठमाण्डु । नेपाली कांग्रेसको तर्फबाट काठमाडौं उपत्यकाभित्रका १५ निर्वाचन क्षेत्रका उम्मेदवारले 'काठमाडौं उपत्यका विकास प्रतिबद्धतापत्र' सार्वजनिक गरेका छन् ।

कांग्रेस महामन्त्री प्रदीप पौडेलको उपस्थितिमा विहीबार तीनवटै जिल्लाका उम्मेदवार हरुको 'भर्चुअल' सहभागितामा प्रतिज्ञापत्र सार्वजनिक गरिएको हो । प्रतिज्ञापत्रमा तीनवटै जिल्लालाई एउटै सहरका रुपमा लिइ स्थान विशेषका मौलिक विशिष्टतालाई ध्यानमा राख्दै एकीकृत सहरी विकास योजना तर्जुमा गरिएको छ ।काठमाडौं उपत्यकालाई विश्वको सफा, सुन्दर, विकसित, आधुनिक, सुशासित एवं जीवन्त सहरका रुपमा विकास गरिने प्रतिज्ञापत्रमा उल्लेख छ । उपत्यकाको बहन क्षमता बमोजिम सहरको व्यवस्थापन गर्दै वृहत्तर सङ्घीय राजधानी पुनःसंरचना योजना कार्यान्वयन गर्न काठमाडौं उपत्यका विकास प्राधिकरणलाई सुदृढ एवं सक्षम बनाइने बताइएको छ ।



उपत्यकाको सडक यातायातलाई सहज, व्यवस्थित र अनुमानयोग्य बनाउन एकीकृत सहरी यातायात तथा स्मार्ट मोबिलिटी नीति अवलम्बन गर्दै 'मास ट्रान्सपोर्ट'सहितको सडक पूर्वाधार निर्माण तथा यातायात व्यवस्थापन गर्दा पैदलयात्री, साइकलयात्री तथा सबै नागरिकको आवश्यकतालाई विशेष ध्यान दिँदै ' बास्केटबल सिटी'का रुपमा विकास गरिने बताइएको छ ।

उपत्यकाभित्रको प्रदूषण नियन्त्रणका लागि एकीकृत मापदण्ड तयार पार्नुका साथै सार्वजनिक तथा पुरातात्विक स्थलको संरक्षण तथा व्यवस्थापनका लागि एकीकृत योजना बनाइ कार्यान्वयनमा ल्याइने बताइएको छ ।रासस


रामगोपालपुर नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतका लागि आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/११/१५)

यस कार्यालयबाट मिति २०८२/१०/०२ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित अधिकतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | ठेक्का नं | ठेक्काको बिवरण /पोखरीको नाम | बोलपत्रदाताको नाम | कबोल रकम (भ्याट सहित ) |
|---|---|---|---|---|
| १ | 06/IR/LP/RGPMUN/ 2082/83 | लिदियाही पोखरी | सूर्य मनि माछा पालन केन्द्र सरपल्लो, मनरा शिसबा -६, ९८०३२९३८५४, प्यान नं : ६०८३११७०८ | रु.२५,५२,०००/- (अक्षरेपी : पच्चीस लाख बाउन्न हजार मात्र) |
| २ | 07/IR/RP/RGPMUN/ 2082/83, रजोखर | रजोखर पोखरी | सूर्य मनि माछा पालन केन्द्र सरपल्लो, मनरा शिसबा -६, ९८०३२९३८५४, प्यान नं : ६०८३११७०८ | रु.२५,५५,०००/- (अक्षरेपी : पच्चीस लाख पचपन्न हजार मात्र) |

प्रमुख प्रशासकीय अधिकृत



**मधेश प्रदेश महोत्तरी जिल्लाको भंगहा नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने रातो नदी र भूतही नदीको विभिन्न बगर क्षेत्रबाट दीगो रूपमा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन/सङ्कलन कार्यका लागी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति २०८२/११/१५

मधेश प्रदेश महोत्तरी जिल्लाको भंगहा नगरपालिका द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भंगहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भंगहा, महोत्तरी<br>फोन नं. ९८५४०३२००३<br>इमेलः bhangahamun@gmail.com<br>वेबः www.bhangahamun.gov.np |
| प्रस्तावको व्यहोरा | भंगहा नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने रातो नदी र भूतही नदीको विभिन्न बगर क्षेत्रबाट दीगो रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा सङ्कलन |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा. | महोत्तरी जिल्ला/ भंगहा नगरपालिका वडा नं.४ र ५ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न भंगहा नगरपालिका वडा नं.४ र ५ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भंगहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भंगहा, महोत्तरी<br>फोन नं. ९८५४०३२००३<br>इमेलः bhangahamun@gmail.com<br>वेबः www.bhangahamun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | डायनामिक रिसोर्सेज म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.<br>बानेश्वर, काठमाण्डौ<br>फोन नं. ९८५१२०३४५३, ९८५१२०७४६४<br>इमेलः consultdrms@gmail.com |

## जेनेभामा इरान वार्ताः
# क्षेप्यास्त्र विवाद ओझेलमा

एएफपी

जेनेभा । नयाँ द्वन्द्व टार्ने प्रयासस्वरूप अमेरिका र इरानबीच स्विट्जरल्यान्डको जेनेभामा अप्रत्यक्ष वार्ताको नयाँ चरण सुरु हुन लाग्दा वासिङ्टनले सार्वजनिक रूपमा उठाउँदै आएको क्षेप्यास्त्र मुद्दालाई केही हदसम्म पन्छाएको सङ्केत देखिएको छ । क्षेत्रीय तनाव उच्च विन्दुमा पुगेका बेला दुवै पक्षले कूटनीतिक बाटो रोज्न खोजेका हुन् ।



अमेरिकाले यस क्षेत्रमा उल्लेख्य सैन्य जमघट गरेपछि र राष्ट्रपति डोनाल्ड ट्रम्पले सम्झौता नभए आक्रमण गर्न सकिने चेतावनी दोहोऱ्याएपछि वार्ता सुरु हुन लागेको हो । मङ्गलबारको स्टेट अफ द युनियन सम्बोधनमा ट्रम्पले इरानले ' भयावह आणविक महत्त्वाकांक्षा' पछ्याइरहेको आरोप लगाउँदै तेहरानले युरोप तथा विदेशस्थित अमेरिकी आधारसम्म पुग्न सक्ने मिसाइल विकास गरिसकेको दाबी गर्नुभयो । उहाँले चाँडै संयुक्त राज्य अमेरिकासम्म पुग्न सक्ने क्षेप्यास्त्र निर्माणको प्रयास भइरहेको समेत उल्लेख गर्नुभयो ।

इरानी विदेश मन्त्रालयले ती आरोपलाई 'ठूलो झुट' भन्दै अस्वीकार गरेको छ । तेहरानले सार्वजनिक रूपमा आफ्नो मिसाइलको अधिकतम दूरी दुई हजार किलोमिटर रहेको बताउँदै आएको छ भने अमेरिकी कङ्ग्रेसनल रिसर्च सर्भिसले यसको क्षमता करिब तीन हजार किलोमिटरसम्म हुन सक्ने अनुमान गरेको छ, जुन महाद्वीपीय अमेरिकासम्म पुग्न पर्याप्त नभएको विश्लेषण गरिएको छ ।

यद्यपि दुवै देशबीचको मूल विवाद इरानको आणविक कार्यक्रममै केन्द्रित छ । पश्चिमी राष्ट्रहरूले तेहरानले आणविक बम विकास गर्ने लक्ष्य राखेको आशङ्का व्यक्त गर्दै आएका छन् भने इरानले आफ्नो कार्यक्रम शान्तिपूर्ण उद्देश्यका लागि मात्र भएको अडान दोहोऱ्याउँदै आएको छ । अमेरिकाले भने वार्तामा इरानको ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रम र इजरायलविरुद्ध सक्रिय सशस्त्र समूहहरूलाई दिइँदै आएको समर्थनबारे पनि छलफल गर्नुपर्ने दबाब दिइरहेको छ ।

वि द े श म न् त्री मार्को रुबियोले तेहरानले क्षेप्यास्त्र विषयमा छलफल अस्वीकार गर्नु 'ठूलो समस्या' भएको बताउँदै इरानले यस कार्यक्रमबारे पनि वार्ता गर्नुपर्ने चेतावनी दिनुभयो । साथै उहाँले राष्ट्रपति ट्रम्प कूटनीतिक समाधानकै पक्षमा रहेको स्पष्ट गर्नुभयो । इरानले भने आणविक मुद्दाबाहेक अन्य विषय वार्ताको दायरामा नरहने र आफ्नो अर्थतन्त्रलाई कमजोर बनाएका अमेरिकी प्रतिबन्ध हटाइनुपर्ने माग अघि सारेको छ ।

इरानी राष्ट्रपति मसुद पेजेस्कियानले आफू 'वार्ताका लागि अनुकूल दृष्टिकोण' लिएर अघि बढिरहेको बताउँदै वर्तमान 'न युद्ध, न शान्ति' अवस्थाबाट बाहिरिन सकिने आशा व्यक्त गर्नुभएको छ । वार्तामा इरानी टोलीको नेतृत्व गरिरहेका विदेशमन्त्री अब्बास अराघचीले यसलाई 'ऐतिहासिक अवसर' भन्दै सम्झौता 'पहुँचभित्र' रहेको दाबी गर्नुभएको छ । उहाँले अमेरिकी पक्षको गम्भीरता र विरोधाभासी व्यवहारबाट जोगिने क्षमतामा वार्ताको सफलता निर्भर रहने उल्लेख गर्नुभयो ।

अमेरिकी टोलीको नेतृत्व राजदूत स्टिभ विटकफ र जारेड कुसनरले गर्नुहुनेछ । यसअघि ओमानको मध्यस्थतामा वार्ताका प्रारम्भिक चरण सम्पन्न भएका थिए । अघिल्लो प्रयास गत जुनमा इजरायलले गरेको आकस्मिक आक्रमणपछि असफल भएको थियो । इजरायलको आकस्मिक आक्रमणले १२ दिनको युद्ध निम्त्याएको र अमेरिकी बमबार ीसमेत भएको थियो ।

जनवरीमा तेहरानमा भएको व्यापक विरोध प्रदर्शन र त्यसको दमनपछि पनि दुवै देशबीच तनाव बढेको थियो । ट्रम्पले इरानी जनतालाई 'मद्दत' गर्न हस्तक्षेप गर्न सकिने चेतावनी दिँदै आउनुभएको छ । इन्टर नेसनल इन्स्टिच्युट फर स्ट्रेटेजिक स्टडिजका एमिल होकाइमका अनुसार यस क्षेत्रले युद्धको सम्भावना वास्तविक रूपमा महसुस गरिरहेको छ, यद्यपि धेरै मध्यपूर्वी राष्ट्रहरूले अमेरिकाले इरानमाथि आक्रमण नगरोस् भनेर दबाब दिइरहेका छन् ।

तेहरानका सर्वसाधारण भने सम्भावित द्वन्द्वबारे विभाजित देखिन्छन् । ६० वर्षीया गृहिणी तायबेहले युद्ध इरानका लागि 'धेरै नराम्रो' हुने बताउँदै अनिकाल र थप पीडाको आशङ्का व्यक्त गर्नुभयो । उहाँले अहिले पनि जनताले कष्ट भोगिरहेको उल्लेख गर्दै युद्धले देशको भविष्य अझ अनिश्चित बनाउन सक्ने चिन्ता व्यक्त गर्नुभयो ।

# हिंसाबीच विश्वकपमा मेक्सिकोप्रति विश्वास

एपी

मेक्सिको सिटी ।लागुऔषध गिरोहका शक्तिशाली नेताको मृत्युपछि भड्किएको हिंसाले मेक्सिकोको सुरक्षा अवस्थाबारे अन्तर्राष्ट्रिय चासो बढिरहेका बेला विश्व फुटबलको सर्वोच्च निकायका अध्यक्षले भने आगामी विश्वकप आयोजना क्षमतामा पूर्ण भरोसा व्यक्त गर्नुभएको छ । तीन महिनाभन्दा बढी समय बाँकी रहँदा देशले सह-आयोजकका रूपमा जिम्मेवारी सम्हाल्न सक्छ कि सक्दैन भन्ने प्रश्न उठिरहेको छ तर फिफाका अध्यक्ष जियानी इन्फ्यान्टिनो विश्वस्त देखिनुभएको छ ।



उहाँले कोलम्बियामा आयोजित पत्रकार सम्मेलनमा मेक्सिकोको अवस्थाबारे निगरानी गरिरहेको बताउँदै मेक्सिको, त्यहाँकी राष्ट्रपति क्लाउडिया सेनबाम र सम्बन्धित निकायहरूमाथि पूर्ण विश्वास रहेको उल्लेख गर्नुभयो । उहाँका अनुसार विश्वकपका खेलहरू सकेसम्म सहज रूपमा सम्पन्न हुनेमा फिफा आशावादी छ । "मेक्सिको महान् देश हो, संसारका अन्य देशमा जस्तै यहाँ पनि घटनाहरू हुन्छन्; हामी चन्द्रमामा बस्दैनौँ", उहाँले भन्नुभयो । व्यवस्था र सुरक्षाको प्रत्याभूति सरकार, प्रहरी र अधिकारीहरूले दिने उहाँको विश्वास छ ।

हालै मेक्सिकाली सेनाले ' एल मेन्चो' भनेर चिनिने नेमेसियो रुबेन ओसेगुरा सर्भान्टेसलाई कारबाहीका क्रममा मारेपछि देशका विभिन्न भागमा हिंसा फैलिएको थियो । उनी जलिस्को न्यु जेनेरेसन लागुऔषध गिरोहका प्रमुख मानिन्थे । त्यसपछिका दिनहरूमा लागुऔषध गिरोहका समूहले करिब एक दर्जन राज्यमा सवारीसाधन जलाउने, सडक अवरुद्ध गर्ने लगायतका गतिविधि गरेका थिए । अधिकारीहरूका अनुसार कम्तीमा ७० जनाको मृत्यु भएको छ ।

हिंसाको प्रभाव खेल क्षेत्रमा पनि परेको छ । स्थानीय लिगका चार उच्चस्तरीय खेल गत आइतबार स्थगित गरिएका थिए, जसमा मध्य सहर क्वेरेटारोमा तय गरिएको खेल पनि समावेश थियो । सोही सहरमा मैत्रीपूर्ण खेलमा मेक्सिकोले आइसल्यान्डलाई ४-० ले पराजित गरेको थियो । खेल सुरु हुनुअघि ओसेगुरालाई पक्राउ गर्ने अभियानका क्रममा ज्यान गुमाएका सैनिकहरूको सम्मानमा कोरेगिडोरा रङ्गशालामा एक मिनेट मौनधारण गरिएको थियो ।

कार्यक्रमअनुसार जुन ११ मा मेक्सिको सिटीमा हुने उद्घाटन खेलसहित मेक्सिकोमा १३ वटा विश्वकप खेल आयोजना हुनेछन् । जलिस्को लागुऔषध गिरोहको प्रभाव क्षेत्र मानिने ग्वाडलाजाराले चार खेल आयोजना गर्ने तालिका छ । कोलम्बियाले एक खेल मेक्सिको सिटीमा र अर्को ग्वाडलाजारामा खेल्ने तयारी गरेको छ ।

कोलम्बियाली फुटबल महासङ्घका अध्यक्ष रामोन जेसुरुनले आफ्ना प्रारम्भिक दुई खेल मेक्सिकोमा भए पनि देशले अवस्था पार गर्ने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले यो अस्थायी समस्या मात्र भएको र छिट्टै समाधान हुने धारणा राख्नुभएको छ ।

तर सबै राष्ट्रहरू समान रूपमा आश्वस्त छैनन् । पोर्चुगल फुटबल महासङ्घले मार्चमा मेक्सिकोसँग हुने मैत्रीपूर्ण खेलअघि घटनाक्रम नजिकबाट हेरिरहेको जनाएको छ । जमैकाले मार्च २६ मा ग्वाडलाजारामा इन्टरकन्टिनेन्टलप्लेअफसेमिफाइनलमा न्यु क्यालेडोनियासँग खेल्ने कार्यक्रम छ, जसको विजेताले विश्वकप स्थानका लागि कङ्गोसँग प्रतिस्पर्धा गर्नेछ । जमैकन फुटबल महासङ्घका अध्यक्ष माइकल रिकेट्सले खेलहरू महिनाको अन्त्यतिर भएकाले केही समय अझै बाँकी रहेको बताउँदै वर्तमान अवस्थाले आफूलाई चिन्तित बनाएको स्वीकार गर्नुभएको छ । उहाँले कनकाकाफ र फिफाबाट आवश्यक निर्देशनको प्रतीक्षा गरिरहेको बताउनुभयो ।

मोन्टेरीमा अर्को प्लेअफ खेल हुने कार्यक्रम छ, जहाँ बोलिभियाले सुरिनामसँग खेल्नेछर विजेताले प्रतियोगितामा स्थानका लागि इराकसँग प्रतिस्पर्धा गर्नेछ । सोमबार राष्ट्रपति सेनबामले ग्वाडलाजारामा हुने विश्वकप खेलहरू योजनाअनुसार नै हुने र कुनै जोखिम नरहेको स्पष्ट पार्नुभएको थियो ।

इन्फ्यान्टिनोले फिफा मेक्सिकाली सरकारसँग नियमित सम्पर्कमा रहेको र परिस्थितिको निरन्तर अनुगमन भइरहेको बताउनुभयो । उहाँका अनुसार आगामी विश्वकप 'अविश्वसनीय उत्सव' बन्नेछ र वर्तमान चुनौतीबीच पनि मेक्सिकोले आफ्नो दायित्व सफलतापूर्वक पूरा गर्ने विश्वास फिफासँग रहेको छ ।

# हमलाबीच जेनेभामा वार्ता

एएफपी

जेनेभा । रुसले युक्रेनमाथि नयाँ आक्रमणको लहर सुरु गरेकै दिन अमेरिका र युक्रेनबीच चार वर्षदेखि जारी युद्ध अन्त्य गर्ने प्रयासस्वरूप जेनेभामा नयाँ चरणको वार्ता सुरु हुने भएको छ । कूटनीतिक पहल अघि बढिरहे पनि युद्धभूमिमा हिंसा नरोकिएको सन्दर्भमा यी बैठकहरू हुँदैछन् ।

यस चरणको वार्तामा युक्रेनका प्रमुख वार्ताकार रुस्तम उमरोभ र अमेरिकी पक्षबाट राष्ट्रपति डोनाल्ड ट्रम्पका दूत स्टिभ विटकफ तथा जारेड कुसनर सहभागी हुनुहुनेछ । मार्चको सुरुमा रुससमेत सहभागी हुने पूर्ण त्रिपक्षीय बैठकको अपेक्षा गरिएको छ । रुसी समाचार एजेन्सी तासका अनुसार क्रेमलिनका आर्थिक मामिलासम्बन्धी दूत किरिल दिमित्रीभ पनि अमेरिकी प्रतिनिधिसँग आर्थिक विषयमा छलफल गर्न जेनेभा पुग्ने तयारीमा रहनुभएको छ ।



यी प्रयासहरू ट्रम्प प्रशासनको पहलमा अघि बढाइएको वार्ताको पछिल्लो चरण हुन्, जसले अहिलेसम्म दोस्रो विश्वयुद्धपछि युरोपको सबैभन्दा घातक द्वन्द्व अन्त्य गर्न ठोस उपलब्धि हासिल गर्न सकेको छैन । वासिङ्टनले सन् २०२२ मा सुरु भएको रुसको पूर्ण आक्रमणबाट जन्मिएको युद्ध अन्त्य गर्न निरन्तर दबाब दिँदै आएको छ । यस द्वन्द्वमा लाखौँ मानिसको ज्यान गएको छ भने विशेष गरी पूर्वी र दक्षिणी युक्रेनका भूभागमा व्यापक विनाश भएको छ ।

वार्ताको केही घण्टा अघिमात्रै रुसी सेनाले युक्रेनका विभिन्न क्षेत्रमा आक्रमण तीव्र बनाएको थियो । एएफपीका पत्रकारहरूले मध्य किएभमा विस्फोटका आवाज सुनेका छन् । युक्रेनी वायु सेनाले राजधानीतर्फ तीव्र गतिमा वस्तुहरू अघि बढिरहेको जनाएको थियो भने किएभको सैन्य प्रशासन प्रमुख तिमुर टाकाचेन्कोका अनुसार रुसले ड्रोन र ब्यालेस्टिक क्षेप्यास्त्र प्रयोग गरी आक्रमण गरिरहेको बताउनुभयो । खार्किव, जापोरिझिया र ड्निप्रोपेट्रोभस्क क्षेत्रमा पनि आक्रमण भएको र खार्किवमा मात्र सात जना घाइते भएको अधिकारीहरूले जानकारी दिएका छन् ।

वार्ताको पूर्वसन्ध्यामा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति ट्रम्पसँग टेलिफोन वार्ता गर्नुभएको थियो । करिब ३० मिनेटको उक्त संवादमा विटकफ र कुसनर पनि सहभागी हुनुहुन्थ्यो । जेलेन्स्कीले सामाजिक सञ्जालमार्फत जेनेभामा हुने द्विपक्षीय बैठकका एजेन्डा र मार्चमा हुने सम्भावित त्रिपक्षीय वार्ताको तयारीबारे छलफल भएको जानकारी दिनुभयो । उहाँले यी चरणहरूले अन्ततः नेताहरूको स्तरमा प्रत्यक्ष वार्ताको मार्ग खोल्ने अपेक्षा व्यक्त गर्नुभयो ।

युक्रेनी पक्षले दीर्घकालीन सुरक्षा प्रत्याभूति बिना कुनै पनि सम्झौतामा हस्ताक्षर नगर्ने अडान दोहोऱ्याएको छ । गत वर्ष सार्वजनिक गरिएको अमेरिकी योजनाअनुसार वार्ताको मुख्य अवरोध पूर्वी युक्रेनको औद्योगिक क्षेत्र डोनबासको भविष्यबारे रहेको छ । रुसले डोनेट्स्क क्षेत्रमा पूर्ण नियन्त्रणको माग गर्दै आएको छ र वार्ताबाट सहमति ननिस्के बल प्रयोग गर्ने चेतावनी दिएको छ ।

# टर्नबुलको आह्वानः अस्ट्रेलिया गणतन्त्र बनोस्

एएफपी

सिड्नी । अस्ट्रेलियाका पूर्वप्रधानमन्त्री माल्कम टर्नबुलले देशले अब बेलायती राजतन्त्रको संरचना त्यागेर आफ्नै निर्वाचित राज्य प्रमुख चयन गर्नुपर्ने बताउँदै गणतन्त्र स्थापनालाई 'पहिलेभन्दा बढी महत्त्वपूर्ण' भएको धारणा व्यक्त गर्नुभएको छ । उहाँका अनुसार अस्ट्रेलियाली संसद्द्वारा निर्वाचित राष्ट्रप्रमुखको व्यवस्था राष्ट्रको पहिचान र राजनीतिक स्थिरताका लागि उपयुक्त हुने विश्वास गर्नुभयो ।

सन् २०१५ देखि २०१८ सम्म प्रधानमन्त्री रहनुभएका टर्नबुलले सन् १९९९ मा भएको असफल जनमतसङ्ग्रहमार्फत राजतन्त्र अन्त्य गर्ने अभियानको नेतृत्व गर्नुभएको थियो । करिब तीन दशकपछि उहाँले पुनः गणतन्त्रको बहसलाई सशक्त बनाउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ । उहाँले राजतन्त्रलाई 'पुरानो र अप्रासङ्गिक व्यवस्था' भन्दै अस्ट्रेलियाको वर्तमान राजनीतिक अवस्थासँग नमिल्ने बताउनुभयो ।



टर्नबुलका अनुसार निर्वाचित राज्य प्रमुखको व्यवस्थाले अस्ट्रेलियाली समाजमा साझा पहिचानलाई बलियो बनाउनेछ । उहाँले देशको ' आदिवासी' राजनीतिक विमर्शलाई पनि यसले सकारात्मक दिशातर्फ लैजान सक्ने विश्वास व्यक्त गर्नुभयो । अस्ट्रेलिया एक शताब्दीभन्दा बढी समय ब्रिटिस उपनिवेशमा रहेर सन् १९०१ मा स्वशासित बने पनि पूर्ण गणतन्त्र बन्न सकेको छैन ।

वर्तमान प्रधानमन्त्री एन्थोनी अल्बानिज स्वयं गणतन्त्र समर्थक भए पनि उहाँले आफ्नो कार्यकालमा यस विषयमा अर्को जनमतसङ्ग्रहको पहल नगर्ने सङ्केत दिनुभएको छ । टर्नबुलले भने जनमतको धार गणतन्त्रतर्फ झुकेको दाबी गर्दै संसद्बाट निर्वाचित राष्ट्रप्रमुखको मोडेलप्रति व्यापक समर्थन हुने छ ।

**Government of Madhesh Province**
**Ministry of Industry, Commerce and Tourism**
**Tourism Development Office**
**Lahan, Siraha**
**Madhesh Province, Nepal**

**Invitation for Electronic Bids**

**First Date of Publication: B.S. 2082/11/15 (27th Feb, 2026)**

1. Tourism Development Office, Lahan, Siraha invites only electronic bid from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| SN | Contract No. | Description of works/Name of Project | Estimated Amount including VAT & PS (Nrs) | Bid Document Fee (Nrs) | Bid security Amount (Nrs)/ Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 1/NCB/WORKS/ TDOSIRAHA/2082/083 | Saptari Rajbiraj Gajendra Narayan Singh Audhogik Chhetra ko bibhinna Nirman Karya | 39,13,008.08 | Nrs. 3,000/- | 97,830/- 120 Days | 90 Days |
| 2 | 2/NCB/WORKS/ TDOSIRAHA/2082/083 | Saptari Bode Barsaen Na.Pa 5 Bode Barsaen Bajar ma raheko Dharmshala ma Teshro Talla Nirman | 35,21,798.60 | Nrs. 3,000/- | 88,050/- 120 Days | 90 Days |
| 3 | 3/NCB/WORKS/ TDOSIRAHA/2082/083 | Baerba ko idgah ra Kabristan ko astarunnati Kanchanrup 1 Saptari | 39,13,150.74 | Nrs. 3,000/- | 97,830/- 120 Days | 90 Days |
| 4 | 4/NCB/WORKS/ TDOSIRAHA/2082/083 | Siraha Siraha Na.Pa ward no.9 Gulariya Chowk Ramjanki Mandir bhitra Bhawan Nirman | 27,31,423.50 | Nrs. 3,000/- | 60,680/- 120 Days | 90 Days |
| 5 | 5/NCB/WORKS/ TDOSIRAHA/2082/083 | Kalyanpur Nagarpalika wada no.1 Koyalpur ma Samudayik Bhawan Nirman Karya | 39,12,416.66 | Nrs. 3,000/- | 86,850/- 120 Days | 90 Days |
| 6 | 6/NCB/WORKS/ TDOSIRAHA/2082/083 | Saptari Dakneshwari Na.Pa 9 Paschim Tole Ma Hanuman Pokhari Ma Ghat Nirman | 31,85,901.08 | Nrs. 3,000/- | 70,805/- 120 Days | 90 Days |
| 7 | 7/NCB/WORKS/ TDOSIRAHA/2082/083 | Gupt Ganga Pariyojna Ko Astarunnati Tirhut 5 Saptari | 39,75,242.24 | Nrs. 3,000/- | 88,305/- 120 Days | 90 Days |
| 8 | 8/NCB/WORKS/ TDOSIRAHA/2082/083 | Saptari Chhinmasta Ga.Pa 3 Chhinmasta Mandir Prangan Ma Astarunnati Karya | 39,12,022.49 | Nrs. 3,000/- | 87,780/- 120 Days | 90 Days |

2. Information to deposit the cost of bidding document, bid bond in bank, date of submission and opening :

| | | | |
|---|---|---|---|
| Office Name | Tourism Development Office, Lahan, Siraha | Office Code : 201504842 | |
| Name of Bank | Rastriya Banijya Bank, Lahan, Siraha | Last date of Submission : 29-03-2026 Time 12:00 | |
| Rajaswa Khata No. | 1000200010000 | Rajaswa Shirshak : 14229 | Date of Opening : 29-03-2026 Time 13:00 |
| Deposit Account No. | 2130100202030000 | Account Name:Pradesh Lekha Ekai Karyalaya Lahan, Siraha | |


3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp or may visit Tourism Development Office, Lahan, Siraha

**Office Chief**

# सुनचाँदीको मूल्य बढ्यो

काठमाण्डु । विहीबार स्थानीय बजारमा सुनचाँदीको मूल्य बढेको छ । बुधबारको तुलनामा सुनको मूल्य रु ६०० र चाँदीको मूल्य रु १० ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार विहीबार एक तोला छापावाल सुनको मूल्य रु तीन १५ हजार ४०० र एक तोलाको चाँदीको रु पाँच छापावाल सुनको मूल्य तीन लाख १४ हजार ८०० र एक तोला चाँदीको मोल रु पाँच हजार ५८५ निर्धारण भएको छ । गत सोमबार एक तोला छापावाल सुन तीन लाख १३ हजार ५०० र एक तोला चाँदी रु पाँच हजार ५९५ मा खरिदबिक्री भएको थियो ।अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार



हजार ७२५ कायम भएको छ । गत मङ्गलबार तीन लाख १४ हजार ८०० र एक तोला चाँदीको मोल रु पाँच हजार ७१५ निर्धारण भएको थियो ।

हिजो बुधबार एक तोला विहीबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन पाँच हजार १९० अमेरिकी डलर तथा त्यति नै परिमाणको चाँदी ९१ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।रासस

# काठमाडौंमा डिजिटल लिडरसीप डायलग हुने




**टुडे समाचारदाता**

काठमाण्डुं । काठमाडौंमा 'डिजिटल लिडरसीप डायलग'को दोस्रो संस्करण आयोजना हुने भएको छ। आइसिटी फाउन्डेसन नेपालले फागुन १५ गते शुक्रबार नक्सालस्थित लिसारा रिसेप्सनमा 'उम्मेदवार मेला २०२६' अन्तर्गत डिजिटल लिडरसीप डायलग आयोजना गर्न लागेको हो। कार्यक्रम बिहान साढे ८ बजेदेखि सुरु हुनेछ।

कार्यक्रममा राजनीतिक दल र उम्मेदवारहरूले आफ्नो घोषणापत्रमा समावेश गरेका सूचना प्रविधि र डिजिटल रूपान्तरणसम्बन्धी प्रतिबद्धताहरूलाई कसरी कार्यान्वयनमा लैजाने भन्ने विषयमा केन्द्रित छलफल हुनेछ। सुरुवातमा घोषणापत्रका विषयवस्तुमाथि समग्र बहस गरिनेछ भने त्यसपछि दुई वटा प्यानल संवाद सञ्चालन हुनेछन्।

पहिलो प्यानल संवादमा डिजिटल प्रतिबद्धताको कार्यान्वयन, जवाफदेहिता, बजेट विनियोजन तथा सुशासनका आयाममाथि विस्तृत छलफल गरिनेछ। दोस्रो प्यानल छलफल युवा नेतृत्व र डिजिटल एजेन्डामा केन्द्रित हुनेछ, जसमा आसन्न निर्वाचनको सन्दर्भमा युवाको भूमिका र डिजिटल प्राथमिकताबारे बहस हुनेछ। कार्यक्रममा सहभागीहरूसँग अन्तरक्रियात्मक प्रश्नोत्तर सत्र तथा समापनसँगै निष्कर्ष प्रस्तुत गरिनेछ।

कार्यक्रममा राजनीतिक दल, उम्मेदवार, विज्ञ, युवा, नागरिक समाज, सञ्चार माध्यम, महिला, सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता रहनेछ।

यसअघि फाउन्डेसनले माघ २२ गते पहिलो संस्करणको डिजिटल लिडरसीप डायलग आयोजना गर्दै राजनीतिक दल तथा उम्मेदवारहरूले घोषणापत्रमा समावेश गर्नुपर्ने डिजिटल एजेन्डामाथि फोकस ग्रुप छलफल, विज्ञ प्रस्तुति र प्यानल डिस्कसन सञ्चालन गरेको थियो। साथै सातै प्रदेशका उम्मेदवारहरूसँग भर्चुअल संवादमार्फत डिजिटल रूपान्तरणका चुनौती र समाधानका विषयमा छलफलसमेत गरिएको थियो।

फाउन्डेसनका अनुसार यस कार्यक्रमले डिजिटल रूपान्तरण, नीति निर्माण र प्रभावकारी कार्यान्वयनबीचको खाडल कम गर्दै व्यावहारिक परिणाम हासिल गर्ने दिशामा सार्थक संवाद अघि बढाउने विश्वास लिएको छ।

# पक्की पुल निर्माणले गाउँ बस्तीलाई प्रत्यक्ष सुविधा

**टुडे समाचारदाता**

सिन्धुली । सिन्धुली जिल्लाको कमलामाई नगरपालिका १२ स्थित जिर्घा खोलामा अवस्थित पिछडिएका ग्रमिण बस्तीका सर्बसाधरणहरुलाई लक्षियत गरी जिर्घा खोलामा पक्की पुल निर्माण भएपछि सुबिधा हुने भएको छ ।

स्थानीय पुर्वाधार विकास आयोजना हेटौडाको ४ करोड ३३ लाख ३३ हजारको लागतमा डबल लेनको पुल निर्माण भएपछि सदरमुकाम सिन्धुलीमाडीबाट जिल्लाका दुई गाउँपालिका समेत छोटो दुरीमा पुग्न सकिने भएको छ ।

विगतमा सो स्थानमा सडक पुलको अभावमा विमारीहरुलाई अस्पताल पुर्‍याउन असुविधा हुनुका साथै कृषिजन्य उत्पादनहरु बजारमा बिक्री वितरणमा लैजानकालागि असुविधा हुदै आएको थियो ।



जिर्घा खोलामा ५० मिटरका सिंगल स्पानयुक्त पक्की पुल निर्माण थालिएपछि सो क्षेत्रको सामाजिक र आर्थिक विकासमा समेत प्रत्यक्ष रुपमा टेवा पुग्ने देखिएको छ ।

पुल निर्माणले कमलामाई नगरपालिका वडा नंम्बर १२ हुदै तीनपाटन,गोलन्जोर र फिक्कल गाउँपालिकाका विभिन्न वडाका स्थानीयहरुलाई समेत सदरमुकाम सिन्धुलीमाडी सम्म आवात जावत गर्न सुविधा हुने देखिएको छ ।

पुल निर्माणको कार्य आगामी २०८३ साल असार १५ गते सम्मकालागि तोकिएको स्थानीय पुर्वाधार विकास आयोजना हेटौडाका प्राविधिक राजिवकुमार साहले बताए ।

सो पक्की पुलको सम्पुर्ण निर्माण कार्य तोकिएको म्याद भन्दा अगावै छिटो सम्पन्न गर्न लागिएको पुल निर्माणमा संलग्न जीवन कन्ट्रक्सन कम्पनिका प्रवन्ध निर्देशक डिल्लीबहादुर श्रेष्ठले बताउनु भयो ।

सडक पुलको निर्माण कार्य तिब्र रुपमा संचालन गरेको बताउदै पुल निर्माण सम्पन्न भएपछि कमलामाई नगरपालिका १२ नम्बर वडा र सिक्के,फलाटे लगाएत सो क्षेत्रका स्थानीय डेढलाल श्रेष्ठ र नारायण आलेले बताए ।

# 'जसले बाँदर नियन्त्रण गर्ने स्पष्ट खाका ल्याउँछ उसैलाई भोट दिने हो'

ढोरपाटन । बागलुङको जैमिनी क्षेत्रमा भोट माग्न जाने उम्मेदवारलाई मतदाताले चुनाव जितेर बाँदर नियन्त्रण गर्ने नीति ल्याउन आग्रह गरेका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मत माग्न गाउँमा पुगेका उम्मेदवारलाई मतदाताले बाँदर आतङ्कले गाउँमा बस्न गाह्रो भएको गुनासो पोखेका हुन् ।



जैमिनी नगरपालिका-५ की कुमारी थापाले बसाइँसराइका कारण गाउँ रित्तो हुँदै गएपछि बाँदर गाउँका घरमा बस्न थालेको उहाँले बताउनुभयो । बारीमा लगाएको बालीदेखि घरमा राखेको सबै सामान बाँदरले नष्ट गरी दिँदा गाउँमा बस्न सक्ने अवस्था नभएको उहाँको भनाइ छ । टोल छिमेकी सबै बजार झरेको भन्दै गाउँमा बस्ने वातावरण बनाउने नेतालाई जिताउनुपर्ने थापा बताउनुहुन्छ ।

"बाँदरले गाउँमा बस्न गाह्रो बनाइ सक्यो, न बारीका बाली राम्रो हुन दिन्छ, न घरमा राखेका सरसामान सुरक्षित हुन्छन्, यस्तो अवस्थामा कसरी गाउँमा बस्न सकिन्छ र ?" उहाँले भन्नुभयो, "पहिलो मान्छे विकास नभएर बजार झरे, अहिले विकास भएको छ तर बाँदरका कारण गाउँ छोड्नुपर्ने अवस्था आएको छ, जसले बाँदर नियन्त्रण गर्ने योजना ल्याउँछ उसैलाई भोट दिने हो ।"

स्थानीय प्रतीमा पौडेलले केटाकेटी र वृद्धवृद्धालाई गाउँमा एक्लै बस्ने समस्या हुने गरेको बताउनुभयो । पहिले वनमा बस्ने बाँदर हिजोआज गाउँमा बस्न थालेको भन्दै केटाकेटी र बूढाबूढीलाई आक्रमण गर्न आउने उहाँको भनाइ छ । घर छोडेर मेलापातमा जाँदा एक/दुई जना घर कुरुवालाई राखेर जानुपर्ने बाध्यता रहेको गुनासो गर्नुभयो ।

उहाँले भन्नुभयो, "पछिल्लो पाँच वर्षदेखि गाउँमा बाँदरले आतङ्क मच्चाएको छ । रासस

# सामसुङले सार्वजनिक गर्‍यो ग्यालेक्सी एस-२६ सिरिज

**टुडे समाचारदाता**

काठमाण्डु । सामसुङले आफ्नो नयाँ प्रमुख स्मार्टफोन ग्यालेक्सी एस-२६ सिरिज औपचारिक रूपमा सार्वजनिक गरेको छ। उन्नत ग्यालेक्सी कृत्रिम बुद्धिमत्ताप्रविधिसहित आएको यो सिरिजलाई हालसम्मकै सबैभन्दा सहज, व्यक्तिगत र बुद्धिमान मोबाइल अनुभव प्रदान गर्ने उपकरणका रूपमा प्रस्तुत गरिएको छ ।

नयाँ ग्यालेक्सी एस-२६ सिरिजको मुख्य विशेषता यसको नयाँ पुस्ताको ग्यालेक्सी कृत्रिम बुद्धिमत्ता प्रणाली हो । यसले प्रयोगकर्ताको बानी-व्यवहारअनुसार फोनलाई अनुकूल बनाउँदै अझ स्मार्ट अन्तरक्रिया, उन्नत कार्यक्षमता र सहज सिर्जनात्मक अनुभव उपलब्ध गराउँछ । बुद्धिमान क्यामेरा क्षमता, तत्काल सहयोग सेवा, अनुकूलित कार्यसम्पादन तथा ऊर्जा दक्षताले दैनिक कामलाई अझ सरल र अर्थपूर्ण बनाउने कम्पनीको दाबी छ ।



डिजाइन र कार्यसम्पादनका दृष्टिले पनि एस-२६ सिरिजले नयाँ मापदण्ड स्थापित गरेको सामसुङले जनाएको छ । आकर्षक र प्रिमियम बनावट, शक्तिशाली प्रशोधन क्षमता तथा कृत्रिम बुद्धिमत्ताद्वारा सञ्चालित ब्याट्री व्यवस्थापनका कारण सहज बहुकार्य सञ्चालन, उत्कृष्ट मनोरञ्जन अनुभव तथा दिनभर टिक्ने भरपर्दो कार्यसम्पादन सुनिश्चित हुने बताइएको छ । उन्नत क्यामेरा प्रणालीले जुनसुकै वातावरणमा पनि उच्च स्पष्टतासहित तस्बिर र भिडियो खिच्न सक्ने क्षमता प्रदान गर्छ ।

सामसुङ नेपालका मोबाइल अनुभव निर्देशक प्रणय रत्न स्थापितले ग्यालेक्सी एस-२६ सिरिज प्रयोगकर्ताको आवश्यकता बुझ्ने वास्तविक स्मार्ट उपकरण भएको बताए । उनले भने, "ग्यालेक्सी कृत्रिम बुद्धिमत्ताले स्वाभाविक र सहज महसुस हुने बुद्धिमत्ता प्रदान गर्छ । यसले नेपाली उपभोक्तालाई दैनिक जीवन, सिर्जनशीलता र कार्यक्षमतामा नयाँ स्तरको अनुभव दिलाउनेछ ।"

औपचारिक सार्वजनिक हुनुअघि सामसुङ नेपालले 'हात उठाउने प्रस्ताव' सञ्चालन गरेको थियो । उक्त प्रस्तावमार्फत ग्राहकहरूले ग्यालेक्सी एस-२६ सिरिज अग्रिम आरक्षण गरी आकर्षक साटासाट सुविधा, २४ महिनासम्मको सजिलो किस्ता सुविधा तथा विशेष उपहार प्राप्त गर्ने अवसर पाएका थिए ।

ग्यालेक्सी एस-२६ सिरिज देशभरका आधिकारिक सामसुङ बिक्री केन्द्रहरूमा उपलब्ध हुनेछ । साथै, हुलास फिनसर्भ निजी लिमिटेडमार्फत उपलब्ध तात्कालिक वित्तीय सेवाको सहायताले २४ महिनासम्मको सजिलो किस्ता सुविधामा पनि खरिद गर्न सकिने कम्पनीले जनाएको छ ।


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## म्याद तामेली सम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा. गा.वि.स.तल्लो गोदार वार्ड नं.६ हाल गणेशमान चारनाथ न.पा. वार्ड नं.४ मा बस्ने मालतो देवी वादी र जिल्ला धनुषा तल्लो गोदार गा.वि.स.वार्ड नं.६ हाल गणेशमान चारनाथ न.पा. वार्ड नं.४ मा बस्ने इन्द्रमान श्रेष्ठ प्रतिवादी भएको मि.नं.७ डा.मि. २०८२/०४/१९ को मोही जग्गा बाँडफाँड मोही लगत कट्टा मुद्दामा विपक्षी ज.ध.को नाउँमा दर्ता कायम रहेको जि. धनुषा तल्लो गोदार गा.वि.स. वडा नं.७ख को कि.नं.६१ को क्षेत्रफल ०-१-९-० को जग्गा धनी ईन्द्रमान श्रेष्ठ नाउँमा वेपत्ते म्याद तामेल भएको देखिँदा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा म्याद सरहको सूचना जारी गर्नु भनि मिति २०८२/११/०४ गतेमा भएको आदेशानुसार जग्गा धनीको ज.ध. श्रेस्ता पूर्जामा उल्लेखित वतन जिल्ला धनुषा तल्लो गोदार वार्ड नं. ४ मा बस्ने इन्द्रमानको नाउँमा जारी भएको १५ पन्ध्र दिने वेपते म्याद तामेली भई आएको सो मुदामा कारवाहीको सिलसिलमा मिति २०८२/११/०४ मा भएको आदेशानुसार विपक्षी जग्गा धनी इन्द्रमान श्रेष्ठको नाउँमा यो ३५पैतिस दिने सार्वजनिक सूचना प्रकाशित हुने कार्य भएका छ । अतःविपक्षी जग्गा धनी इन्द्रमान श्रेष्ठको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा गा.वि.स. तल्लो गोदार अन्तर्गतका तपसिल बमोजिमको कित्ता जग्गा बाँडफाँड गरी मोही लगत कट्टा गरी पाउँ भनि दावी बेहोराको नालिश दिएको हुँदा निज जग्गा धनी भए निज स्वयम् वा निजको एका संगोल परिवारका नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ पैतिस दिन भित्र आफ्नो लिखित जवाफः/प्रतिउतर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम जग्गा बाँडफाँड भई मोही लगत कट्टा हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३५पैतिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

| सि.नं | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | धनुषा | तल्लो गोदार | ७ख | ६१ | ०-१-९-० |



## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स.एकराही बडा नं.१ हाल विदेह न.पा वडा नं. ६ मा बस्ने मनसुक मण्डलको नाती बहुरा मण्डलको छोरा शंकर मण्डलले बुबा बहुरा मण्डलको नाउँमा लगत कायम रहेको साविक एकराही गाउँ पं, अन्तर्गतको सा.कि.नं. ७५, ६९, ६५, ७८, ७२, ८५, ४१, २६, २७, ४९, ६७, ६८ को जम्मा क्षेत्रफल ४-९-१४-० जग्गामध्ये सर्वे नापी भएका जि.ध. गा.वि.स.एकराही वडा नं.२ कि.नं.१९४ क्षेत्रफल ०-४-५, ऐ.ऐ.कि.नं.२१६ क्षेत्रफल ०-४-१०, ऐ.ऐ.कि.नं.१८३ क्षेत्रफल ०-८-१२. ऐ.ऐ.कि.नं.१९९ क्षेत्रफल ०-१-१६-०, ऐ.ऐ.कि.नं.२०० क्षेत्रफल ०-१-१२-०, ऐ.ऐ.कि.नं.२०४ क्षेत्रफल ०-१-११. ऐ.ऐ.कि.नं.२०५ क्षेत्रफल ०-३-२-०, ऐ.ऐ.कि.नं.२०७ क्षेत्रफल ०-७-१४-० र ऐ.वडा नं.४ कि.नं.७५ क्षेत्रफल ०-२-१० जग्गा दर्ता गर्न छुट भएकोमा बहुरा मण्डलको मिति २०५२/६/६ मा मृत्यु भई निजको हकभोग खाने पत्नी सागैर देवीको मिति २०३५ साल अगावै मृत्यु भई निजहरुको हकभोग खाने दुई छोराहरु जेठा छोरा म निवेदक शंकर मण्डल र कान्छा छोरा जगदिश मण्डल भएकोमा जगदिश मण्डलको मंजुरीले उक्त जग्गाहरु म निवेदक शंकर मण्डलको नाउँमा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.१७७९१ मिति २०८१/११/०८ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी / सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/११/१३ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | एकराही | २ | १९४ | ०-४-५-० | फिल्डबुक खाली |
| धनुषा | एकराही | २ | २१६ | ०-४-१०-० | |
| धनुषा | एकराही | २ | १८३ | ०-८-१२-० | |
| धनुषा | एकराही | २ | १९९ | ०-१-१६-० | |
| धनुषा | एकराही | २ | २०० | ०-१-१२-० | |
| धनुषा | एकराही | २ | २०४ | ०-१-११-० | |
| धनुषा | एकराही | २ | २०५ | ०-३-२-० | |
| धनुषा | एकराही | २ | २०७ | ०-७-१४-० | |
| धनुषा | एकराही | ४ | ७५ | ०-२-१०-० | |



**Government of Madhesh Province**

**Ministry of Industry, Commerce and Tourism**

## Tourism Development Office

**Janakpurddham, Dhanusha**

**Madhesh Province, Nepal**

## INVITATION FOR ELECTRONIC BIDS

**Bid Publication Date: 2082/11/15 (27th February 2026)**

| S. N. | Project Title (Works/Goods) | IFB No./Bid No. | Cost of Bid Documents Fee (Non Refundable) | Bid Security Amount | Estimated Amount including PS & VAT | Last date of Bid Submission | Last date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | Manarasiswa Na.pa.4 Jaukha Bajar chawakma durga mandir nirman | 14/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.70,000 | Rs.27,99,733.98 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |
| 2 | Ekdara Ga.Pa 4 Halkhorima Raheko Adhuro Dharmashala Nirman . | 15/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.90,000 | Rs.35,99,364.58 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |
| 3 | Raamgopalpur Na.Pa. 9 (Bichala Pokhari )Ma Adhuro Shiv Mandir Nirman Tatha Starounnati Karya | 16/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.80,000 | Rs.31,99,412.80 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |
| 4 | Malahaniya Tolko Ramjanaki Kutti ma Mandir Nirman Tatha Saundrayakaran | 17/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.70,000 | Rs.27,99,542.96 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |
| 5 | Janakpurdham 23 Bela Sthit Iskan Sentarma Hare Krishna Mandir Nirman | 18/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.70,000 | Rs.27,99,180.97 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |
| 6 | Raamgopalpur Na.Pa. 9 Kataiyaa tolma Ramjanaki Kutti Staronnti Karya | 19/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.70,000 | Rs.27,99,789.31 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |

1 **Bid Document Fee**
**Account Name:** Tourism Development Office,Dhanusha **Account No:** 1000100200010000
**Bank Name:** Rastriya Banijya Bank Ltd. **Office Code:** 3070017052
**Rajaswa(Revenue) Shirshak No:** 14229

2 **Bid Security Fee**
**Account Name:** Province Financial Controller Office, Janakpurdham
**Bank Name:** Rastriya Banijya Bank Ltd. Janakpurdham **Account No:** 1220100202030000

**Note:** 1. Bids Shall Be Opened At Tourism Development Office,Dhanusha
2. A complete set of Bidding document can Be Downloaded from website : www.bolpatra.gov.np/egp
3. For Further Information Please Conatact at No: 9854046519 , Email:- tdodhanuhsa@gmail.com

**Office Chief**

# पाण्डेको उम्मेदवारी संकटमा

टुडे समाचारदाता

वीरगञ्ज । नेकपा (एमाले) का उम्मेदवार रुपेश कुमार पाण्डेको पक्षमा सर्वोच्च अदालतले तत्काल अन्तरिम आदेश दिएको छैन । निर्वाचन आयोगले उम्मेदवारी खारेजीबारे स्पष्टीकरण सोधेपछि आयोगविरुद्ध अन्तरिम आदेशको माग गर्दै सर्वोच्च पुगेका पाण्डेको पक्षमा अन्तरिम आदेश नभएपछि उनको उम्ममेदवारी थप संकटमा परेको छ ।



पर्सा निर्वाचन क्षेत्र नम्बर ३ का उम्मेदवार पाण्डेको उम्मेदवारी खारेज गर्ने प्रक्रियामा निर्वाचन आयोग अघि बढेपछि सुरु भएको कानुनी विवादमा सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको हो । माननीय न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै विपक्षीहरू–निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय, कर्जा सूचना केन्द्र र नेपाल इन्भेस्टमेन्ट मेगा बैंक–का नाममा १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको छ ।

सर्वोच्चले पाण्डेको माग अनुसार अन्तरिम आदेश दिने वा नदिने विषयमा दुवै पक्षलाई राखेर छलफल गर्नुपर्ने निष्कर्ष निकाल्दै आगामी फागुन १७ गतेका लागि पेसी तोकेको छ ।

“निर्वाचनमा उम्मेदवार भएको, उम्मेदवारको योग्यता-अयोग्यताकोविषयसमावेशभएको र २०८२ फागुन २१ गते नै निर्वाचन मिति तोकिएको अवस्थालाई मध्यनजर गर्दै उक्त मितिमा प्रस्तुत निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम पेसी सूचीमा प्राथमिकता दिई नियमानुसार पेस गर्नू” आदेशमा भनिएको छ ।

पाण्डेको तर्फबाट वरिष्ठ अधिवक्ता रमेश बडाल तथा अधिवक्ताहरू राजेन्द्र घिमिरे, शिवराम श्रेष्ठ र डिल्लीमाया कार्कीले बहस गरेका थिए ।

निर्वाचन आयोगले कर्जा सूचना केन्द्रको कालोसूचीमा पाण्डेको नाम रहेको पुष्टि भएपछि उम्मेदवारी किन खारेज नगर्ने भन्दै सात दिनभित्र स्पष्टीकरण पेस गर्न पत्र पठाएको थियो । आयोगको स्पष्टीकरणमा आफू कालोसूचीमा नरहेको ठोस प्रमाणसहित जवाफ दिन नसकेपछि पाण्डे अदालतमार्फत उम्मेदवारी कायम गराउन सर्वोच्च पुगेका हुन् ।

उम्मेदवारी दर्ताका क्रममा उनले “म कालोसूचीमा छैन” भनी गरेको स्वघोषणासमेत अहिले कानुनी विवादको विषय बनेको छ । पाण्डे तथा उनको कम्पनी आरपी ट्रेड प्रालिले नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको ठमेल शाखाबाट करिब २० करोड रुपैयाँ कर्जा लिएको र त्यसमध्ये करिब १२ करोड रुपैयाँ अझै बाँकी रहेको दाबी गरिएको छ ।

बैंकले ऋण असुलीका लागि गत पुस ६ गते धितो लिलामीको सूचना प्रकाशित गरेको थियो भने माघ १८ गते कर्जा सूचना केन्द्रले पाण्डेलाई कालोसूचीमा राखेको जनाएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ (ज) मा प्रचलित कानुनबमोजिम ऋण तिर्न नसकी कालोसूचीमा रहेको व्यक्ति उम्मेदवार हुन अयोग्य हुने व्यवस्था छ ।

पाण्डेको उम्मेदवारी खारेजीको माग गर्दै सोही क्षेत्रका प्रतिस्पर्धी उम्मेदवार छोटेलाल प्रसाद यादवले पनि सर्वोच्चमा छुट्टै रिट दर्ता गराएका छन् । अब फागुन १७ गते हुने छलफलले पाण्डे निर्वाचनमा सहभागी हुन पाउने वा नपाउने भन्ने विषयको दिशा तय गर्नेछ ।

# डेढ लाखभन्दा बढी निर्वाचन सामग्री नियन्त्रणमा

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार आचारसंहितासम्बन्धी ३१ वटा उजुरी प्राप्त भएका छन्, जसमध्ये ६ वटा लिखित र २५ वटा मौखिक छन् । तीमध्ये २६ उजुरी फछ्र्योट भइसकेका छन् भने बाँकी विषय थप निर्णयका लागि निर्वाचन आयोग को केन्द्रीय कार्यालय पठाइएको छ ।

टुडे समाचारदाता

जनकपुरधाम । प्रतिनिधिसभा निर्वाचन-२०८२ नजिकिँदै जाँदा जिल्ला प्रशासन कार्यालय धनुषाले आचारसंहिता विपरीत टाँसिएका तथा झुण्ड्याइएका डेढ लाखभन्दा बढी प्रचार सामग्री नियन्त्रणमा लिएको जनाएको छ । चारवटै निर्वाचन क्षेत्रबाट ती सामग्री हटाइएको हो ।



प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेश ले बिहीबार आयोजना गरेको पत्रकार अन्तरक्रियामा अनुगमन समितिले आचारसंहिता कार्यान्वयन, सुरक्षा तयारी र निर्वाचन व्यवस्थापनबारे जानकारी दिएको थियो ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार आचारसंहितासम्बन्धी ३१ वटा उजुरी प्राप्त भएका छन्, जसमध्ये ६ वटा लिखित र २५ वटा मौखिक छन्। तीमध्ये २६ उजुरी फछ्र्योट भइसकेका छन् भने बाँकी विषय थप निर्णयका लागि निर्वाचन आयोग को केन्द्रीय कार्यालय पठाइएको छ ।

निर्वाचन सुरक्षालाई प्राथमिकतामा राख्दै नेपाल-भारत सीमावर्ती क्षेत्रमा निगरानी कडा पारिएको प्रशासनले जनाएको छ । फागुन १८ देखि २१ गतेसम्मका लागि सीमानाका बन्द गर्ने निर्णय गरिएको छ। आवतजावतमा निगरानी बढाइनुका साथै विभिन्न स्थानमा अस्थायी चेकपोस्ट स्थापना गरी जाँच प्रक्रिया तीव्र पारिएको छ ।

जिल्लामा नेपाल-भारत सीमासँग जोडिएका १९४ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखिएको छ। त्यस्तै १०६ केन्द्र संवेदनशील र २२ केन्द्र सामान्य श्रेणीमा छन्। एउटा अस्थायी मतदान स्थल पनि कायम गरिएको छ । संवेदनशील तथा अति संवेदनशील केन्द्रमा अतिरिक्त सुरक्षाकर्मी परिचालन गरिने र आवश्यक परे तत्काल सुरक्षा टोली खटिने व्यवस्था मिलाइएको प्रशासनले जनाएको छ।

प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशका प्रमुख रोमबहादुर महतका अनुसार निर्वाचनका लागि आवश्यक अधिकांश तयारी पूरा भइसकेको छ । प्रत्येक निर्वाचन क्षेत्रमा मतपत्रसहितका सामग्री नेपाली सेनामार्फत पठाइसकिएको उनले जानकारी दिए ।

जिल्लामा ५ लाख १४ हजार ५७१ मतदाता रहेका छन्। ३२२ मतदान स्थलअन्तर्गत ६४५ मतदान केन्द्र निर्धारण गरिएको छ । निर्वाचन सञ्चालनका लागि ३ हजार ५७८ कर्मचारी परिचालन गर्ने तयारी छ ।

सहायक प्रमुख जिल्ला अधिकारी तथा आचारसंहिता अनुगमन अधिकृत कृष्ण गैह्रेका अनुसार अनुगमन संयन्त्र सक्रिय रूपमा परिचालन गरिएको छ र निर्वाचन अवधिभर निगरानी जारी रहनेछ ।

झुण्ड्याइएका प्रचार सामग्री नियन्त्रणमा लिइए पनि भित्ते लेखन र पोस्टर टाँस्ने कार्यमा जरिवाना गर्ने विषयलाई व्यवहारिक रूपमा लचिलो बनाइएको उनले बताए। “पूर्ण रूपमा कडाइ गर्दा निर्वाचनको माहोल नै प्रभावित हुन सक्छ,” उनले भने ।

पत्रकारहरूले सीमाक्षेत्रको सुरक्षा, मतदाता व्यवस्थापन, आचारसंहिता कार्यान्वयन र सम्भावित चुनौतीबारे जिज्ञासा राखेका थिए । सम्बन्धित अधिकारीहरूले निष्पक्ष, सुरक्षित र व्यवस्थित निर्वाचन सम्पन्न गर्न सबै निकायबीच समन्वय सुदृढ गरिएको बताएका छन् ।

# परिक्रममा आज औरही

टुडे समाचारदाता

जनकपुरधाम । १५ दिने मिथिला मध्यमा परिक्रमाका यात्रीहरु बिहीवार धनुषाको सत्तोषर पुगेका छन भने शुक्रवार औरही आउनेछ ।

सोमवार कञ्चनवनमा होरी उत्सव मनाइ मंगलवार पर्वतामा विश्राम गरेका यात्रीहरु बुधवार धनुषाधाम हुँदै बिहीवार सतोषर पुगेको हो ।

सो क्रममा धनुषाको क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगरमा परिक्रमा यात्रीलाई भव्य स्वागत गरिएको छ । महेन्द्रनगरमा रहेको क्षीरेश्वरनाथ मन्दिर दर्शन गर्दै यात्रीहरु पर्वताका लागि प्रस्थान गर्ने क्रममा महेन्द्रनगर नगरपालिका अगाडि प्रत्येक वर्ष झैं यस वर्ष पनि परिक्रमा यात्रीलाई महेन्द्रनगरका स्थानीयवासी, व्यापारी, राजनितीकर्मीहरुले भोजन, सरवत र औषधि वितरण गरेका थिए ।

प्रत्येक वर्ष फागुन कृष्ण औंसीको दिनदेखि विधिवत सुरु हुने परिक्रमामा सयौं भक्तजनहरू सहभागी हुने गर्दछन् । परिक्रमा अवधि (१५ दिन) भर मिथिलाञ्चलका १५ वटा धार्मिक तीर्थस्थलहरूमा विश्राम गर्दै फागुन पूर्णिमाको दिन परिक्रमा पुनः जनकपुरधाम आइ अन्तगृह परिक्रमा गरी विधिवत् रुपमा सम्पन्न हुने गरेको छ ।

धनुषाको मिथिला बिहारी नगरपालिकाको ठेरा कचुरीमा रहेको मिथिला विहारी मन्दिरबाट प्रस्थान गर्ने मिथिला बिहारीको डोला साधुसन्त र हजारौं भक्तजनसहित पहिलो दिन जनकपुरको अग्निकुण्ड मन्दिरमा आइ वास वस्ने चलन छ ।

त्यहाँ डोलाको भव्य स्वागत गर्दै किशोरीजीको डोलासँगै जानकी मन्दिर दर्शन पछि जनकपुरको दक्षिणी ढोकामा रहेको परिक्रमाको पहिलो पडाव हनुमानगढी र त्यस पछि भारत बिहारको कल्याणेश्वर विधिवत् रुपमा १५ दिने यात्रा शुभारम्भ हुने गरेको छ ।

# सिरहा २ का मतदाता दुखेसो : चुनावपछि उम्मेदवार बेपता

टुडे समाचारदाता

लहान । सिरहा २ का दलित मतदाताहरुमा प्रतिनिधि सभाको निर्वाचनप्रति खासै उत्साहित देखिएको छैन । उनीहरु उत्साहित नहुनुको प्रमुख कारण चुनाव अघि सपना बाँड्ने र जितेपछि फर्केर उम्मेदवार नआउनु हो ।



मतदाताहरु भन्छन् ‘हरेक पटक जब चुनाव आउँछ । नेताहरू बस्ती पस्न थाल्छन्, हात जोड्छन्, मीठा भाषण गर्छन्, विकासका सपना बाँड्छन् र भोट माग्छन् । चुनाव जितेपछि नेता पनि हराउँछन् । नेता नै हराएपछि विकास आउँदैन्, नेताका बाचा स्मृतिबाट हराउँदै जान्छन्, विस्तारै जनताले देखेका सपना पनि धमिलिँदै जान्छन् ।’

यी मतदाता हुन सिरहा जिल्लाको सुखीपुर नगरपालिका-१ स्थित शिवनगर गाउँका । सिरहा क्षेत्र नम्बर-२ मा पर्ने शिवनगर गाउँमा सधैँका चुनावमा यही कथाको पुनरावृत्ति भइरहन्छ ।

शिवनगर गाउँका बासिन्दालाई उम्मेदवार र नेताले हरेक चुनावमा आशा देखाउँछन्, मतदाता त्यही आशा बोकेर मतदान गर्छन् । तर चुनाव सकिएपछि उनीहरू फेरि आफ्नै समस्या बोकेर बस्न बाध्य भइरहन्छन् ।

शिवनगरमा १२५ परिवार दलित समुदायको बसोबास छ । उनीहरूले हरेक चुनावमा माग्ने दुई वटा माग मात्रै छन् । एक- बालबालिका पढाउन व्यवस्थित विद्यालय र दुई- नजिकै अस्पताल। शिवनगर गाउँमा शिक्षा र स्वास्थ्य मात्र समस्या छैनन् । सडक र खानेपानीका विषयमा पनि हरेकजसो निर्वाचनमा उम्मेदवार हरूले वचन दिएर भोट माग्छन् । तर आजसम्म विकास नगर्दा उनीहरु असन्तुष्ट छन् ।

‘हाम्रो माग नजिकै व्यवस्थित विद्यालय र अस्पताल हो,’ शिवनगरकी स्थानीयवासी श्रीवती मोचीले भनिन्, ‘भएको एक आधारभूत विद्यालयमा राम्रो भवन छैन । न अन्य व्यवस्थापन राम्रो छ । नजिक सरकारी अस्पताल छैन ।’

शिवनगरको उत्तरवारीमा आधारभूत विद्यालय छ । जसको भौतिक अवस्था एकदमै नाजुक छ। सुखीपुर-१ कै कमलपुरमा जनता माध्यामिक विद्यालय छ । त्यहाँ पुग्न ससाना बालबालिकालाई गाह्रो हुने स्थानीयवासीको गुनासो छ ।

यिनै दुई माग राख्दा पाएका आश्वासनका भरमा स्थानीयवासीले पटक-पटक मतदान गरेका छन् । ‘भोट दिँदा-दिँदा हामी थाकिसक्यौँ, तर नेताहरू भोट माग्न थाकेनन्,’ स्थानीय शान्तिदेवी राम भन्छिन् ।

त्यहाँका पुरुष सबैजसो वैदेशिक रोजगारमा गएका छन् । ‘ यहाँ रोजगारी नभएपछि श्रीमान् र छोरा विदेश गएका छन् । उताबाट पठाएको पैसाले घर चल्छ । कम्तीमा नातिनतिनाले पढ्न पाए, हामीले उपचार पाए खुसी हुन्थ्यौं,’ रामले भनिन् ।

स्थानीय हरिनारायण राम भने दलितलाई नेताले भोट बैंकमात्रै बनाएर राखेको भन्दै आक्रोश पोख्छन् । ‘वर्षौं देखि हामी भोट बैंक मात्रै हुने क्रम दोहोरिँदै आएको छ । हाम्रो अवस्था सुध्रिएको छैन,’ उनले भने । अब निर्वाचनका गरिएका नेताका भाषण पत्याउने दिन गएको पनि उनले बताए ।

# यादवको घरदैलो अभियान तिव्र

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर ४ मा नेपाली कांग्रेसका उम्मेदवार महेन्द्र यादवले घरदैलो अभियानलाई तिव्र पारेका छन् । बिहानदेखि राति १० बजेसम्म आफ्नो प्रचार प्रसारका लागि घरदैलो अभियानलाई निरन्तरता दिइरहेका छन् ।



विकासका एजेण्डासहित देशमा संविधान, संघीयता र लोकतन्त्र बचाउन कांग्रेस नै विकल्प रहेको मतदाताहरुलाई सम्झाउँदै उनी मतदाताहरुको घरदैलोमा पुगी मत मागिरहेका छन् ।

धनुषा क्षेत्र नम्बर ४ मा विगतमा नेपाली कांग्रेसका सरकारले विकासका धेरै काम काम गरेपनि अहिलेपनि कृषिका लागि सिचाई, सुविधा सम्पन्न अस्पताल र उच्च शिक्षाका लागि गुणस्तरीय विद्यालयसहित सडक पूर्वाधारको काम बांकी रहेको भन्दै ती कामहरु आफूले पूरा गर्ने भनी मतदाताहरुसँग प्रतिबद्धता उनले प्रतिबद्धता गरिरहेका छ्न ।

घरदैलो अभियानकै क्रममा संचारकर्मीहरुसँग कुरा गर्दै उम्मेदवार यादवले भने आफू यो क्षेत्रमा नजिते पनि कांग्रेस सरकारमा रहेका बेला यस क्षेत्रका खानेपानीदेखि सिचाईसम्मको पानीका लागि डिप ट्यूबेल र बोर्डिंग जडानको काम गराएको छु । तर यो क्षेत्र कृषि निर्भर भएकाले त्यो पर्याप्त छैनन् । विद्यालय स्थापनादेखि अस्पताल र सडकमा पनि आफू सकेसम्म धेरै नै काम गरेको छु । जसको मूल्यांकन अहिले जनता गरिरहेका छन् । जनताको माया स्नेह र विश्वासले आफू जित नजिक रहेको दाबी उनले गरे ।

नेता यादवले भने परिस्कृत बदलिएको कांग्रेसको जनलहर धनुषा ४ मात्र होइन देशभरि छ । जसको प्रत्यक्ष उदाहरण ठाउँ ठाउँबाट नेपाली कांग्रेसमा प्रवेश गर्नेहरुको लर्को र मतदाताहरु स्वयं कांग्रेसप्रति देखाई माया स्नेह हो । धनुषा ४ मात्रै होइन मधेशमा सबैभन्दा बढी सिट नेपाली कांग्रेसले ल्याउंछ र बहुमतको सरकार बन्ने उनले दाबी गरे ।

हाल रास्वपा वरिष्ठ नेता बालेन साहको लहर रहेको बारे उनले भने शुरुमा केही हावा चलेको देखिएको थियो । तर त्यो अहिले हराएर गएको छ । निर्वाचन आउंदासम्म आफै मेटिएर जानेछ । जसको प्रत्यक्ष उदाहरण रास्वपाबाट कांग्रेसमा प्रवेश गर्नेहरुको लहरले देखाउंछ ।

# फागुन १६ देखि महामूर्ख सम्मेलन

टुडे समाचारदाता

जनकपुरधाम । मिथिला नाट्यकला परिषद् (मिनाप) ले जनकपुरधाममा हरेक वर्ष झैं यस वर्षपनि दुई दिवसीय ‘होरी महोत्सव’ र ‘महामूर्ख सम्मेलन’ आयोजना गर्ने भएको छ ।

परिषद्ले फागुन १६ गते शनिबार होरी महोत्सव र फागुन १७ गते आइतबार महामूर्ख सम्मेलन सम्पन्न गर्ने निर्णय गरेको जनाएको छ ।

मिनापका अध्यक्ष सुनिल मलिल्कले होरी महोत्सवमा सहभागी हुन इच्छुक होरैया टिमहरूलाई आ-आफ्नो टिमको नामावलीसहित परिषद्सँग सम्पर्क गर्न आग्रह गरेका छन् ।

उनले भने,’मिथिलाञ्चलको मौलिक सांस्कृतिक परम्परालाई संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले यस वर्षको कार्यक्रमलाई भव्य रूपमा आयोजना गर्ने तयारी भएको छ । यसले स्थानीय प्रतिभालाई प्रस्तुत गर्ने प्लेटफर्म मात्र नभई सांस्कृतिक चेतना फैलाउने माध्यमको रूपमा पनि काम गर्नेछ ।’

फागुन १६ गते आयोजना हुने होरी महोत्सवमा विभिन्न होरैया टिमहरूको सहभागिता रहनेछ । यस वर्षको महोत्सवले विशेष रूपमा सांस्कृतिक विविधता, स्थानीय संगीत, नृत्य, रंग र हास्य-व्यंग्यका प्रस्तुतिमार्फत जनताको सहभागिता बढाउने लक्ष्य राखेको छ ।

फागुन १७ गते सम्पन्न हुने ‘ महामूर्ख सम्मेलन’मा हास्य-व्यंग्यका प्रस्तुति, व्यंग्यात्मक वक्तव्य, रंगीन प्रस्तुति र मनोरञ्जनात्मक कार्यक्रमहरू समावेश रहनेछ ।

अध्यक्ष मलिल्कले सम्मेलनको उद्देश्यलाई स्पष्ट गर्दै भने, ‘महामूर्ख सम्मेलनले मनोरञ्जन मात्र नभई समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने एक माध्यमको रूपमा काम गर्दै आएको छ । यसले सामाजिक व्यवहार, राजनीतिक चेतना र सांस्कृतिक मूल्यहरूको बारेमा सोच्न बाध्य बनाउँछ ।’

यस सम्मेलनले विगतमा राजनीतिक, साहित्यिक, सामाजिक र सांस्कृतिक क्षेत्रका विभिन्न व्यक्तिहरूलाई ‘महामूर्ख’को उपाधि प्रदान गर्दै आएको छ ।

# विपक्षीहरुले गलत हल्ला फैलायो : महतो

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा ३ मा नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट प्रतिनिधिसभा सदस्य पदकी उम्मेदवार जुलीकुमारी महतोले आफू जित्ने निश्चित हुन थालेपछि विपक्षी दलहरूसँग ठोस एजेण्डा नभएकाले आफू विरुद्ध झुट प्रचार गर्न लागेको आरोप लगाएकी छन् ।



बिहीबार जनकपुरधाम उपमहानगरपालिका-५माआयोजित घरदैलो अभियानको क्रममा सञ्चारकर्मीसँग कुरा गर्दै महतोले मतदाताको आफूप्रति देखिएको रुझान र उत्साहले विपक्षी उम्मेदवारहरु हौसिंएका छन । आफू जित नजिक पुग्न थालेपछि प्रतिस्पर्धामा नरहेको भन्दै गलत अफवाह फैलाउन लागेको बताइन ।

मतदाताबाट प्राप्त माया, साथ र उत्साहले आफ्नो जीत सुनिश्चित बन्दै गएको देखेर विपक्षीले मतदाताहरुमा भ्रम फैलाउने प्रयासमा लागेको उनको भनाइ थियो । महतोले आफू प्रतिनिधिसभा सदस्यका रूपमा बिताएको तीन वर्षमा क्षेत्रका लागि विभिन्न योजना ल्याएको दाबी गर्दै ती योजनाहरूलाई पूर्णता दिन मतदातासँग पुनः मत मागिरहेको बताइन् ।

ती योजनाहरू सम्पन्न गर्न धनुषा-३ का मतदाता आफूलाई नै समर्थन गर्नेमा विश्वस्त रहेको उनले उल्लेख गरिन् । उनले एमालेको मुख्य एजेण्डा संविधानको रक्षा र राष्ट्रिय स्वाधीनता रहेको भन्दै आफ्नो चुनावी प्रतिबद्धता पनि सोही विषयमा केन्द्रित रहेको बताइन् ।

साथै, जनकपुरधामको विकासमा एमाले नेतृत्वको सरकारले गरेका कामबारे मतदाता स्पष्ट रहेको र त्यसले आफूलाई थप विश्वास मिलेको उनको दाबी थियो । घरदैलो अभियानकै क्रममा उम्मेदवार महतोलाई बिहीबार धनुषा-३ को नगराइन र क्षेत्रका अन्य क्षेत्रमा मतदाताहरुले माला र दोसल्ला ओढाई जितको शुभकामना दिएका छन् ।

सडक प्रयोग गर्दा ध्यान दिऔं ।

- सडक सीमा अतिक्रमण नगरौं ।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं ।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं ।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं ।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं ।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं ।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरऔं ।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं ।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं ।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८